साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक १७ २०८२ मंसिर २ गते मंगलबार (Nov. 18, 2025) मूल्य रू. १०/-

## बृद्ध नेताका कारण देश संकटमा




*अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओवामाले भनेका छन्- विश्वका ८० प्रतिशत देशहरूमा बृद्ध नेताहरू पद र शक्ति छाड्न चाहँदैनन् । तिनै बृद्ध नेताहरू सबैभन्दा ठूलो समस्या बनेका छन् ।*

*नेपालमा पनि कांग्रेस, एमाले, माओवादीका नेतात्रय शेरबहादुर देउवा, केपी ओली र प्रचण्डजस्ता बृद्ध नेताहरू जो अलोकप्रिय छन्, भ्रष्टाचार र अनियमिततामा बदनाम छन् तर उनीहरू पुनः सत्ताको तिर्सना गरिरहेका छन् ।*

*नेपाल अस्थिरता र अराजकतामा होमिनुका कारण नै बृद्ध नेता हुन् ।*

## जनता र देश नाङ्गो पार्दा पनि भ्रष्ट नेताहरूकै पछाडि किन लाग्छन् जनता ?



हिटलरले भन्दा बढी दुःख दिएका छन् नेताहरूले । तैपनि जनता यिनै पार्टी, यिनै पार्टीका नेताका पछाडि किन लाग्छन् ? किन जनविरोध, देशघातक, नेपोटिजम र नेपोबेबीइजम भनेर मरिहत्ते गर्ने नेताकै जयजयकार गर्छन् जनता ?

विश्लेषकहरूले हिटलरको एक उदाहरण सार्वजनिक गरेर राजनीतिक बर्ग र जनतालाई यसरी सम्झाउने प्रयत्न गरेका छन् । -

हिटलरले संसदमा एकदिन एउटा जिउँदो भाले लिएर आएछन् र एक एक गर्दै भालेको प्वाँख उखेल्दै गएछन् । भाले पीडाले चिच्याउँदै गयो तर सबै प्वाँख नसकिएसम्म, भाले नाङ्गो नहुन्जेलसम्म हिटलरले प्वाँख उखेल्न छाडेनछन् । भाले नाङ्गै भयो तर जिउँदै थियो । त्यसपछि हिटलरले भालेलाई छाडिदियो र एकदुई दाना मकै चारो भालेका सामुन्ने फालिदियो । भाले मकै खान थाल्यो । हिटलर मकै छर्दै गयो । जता जता हिटलर जान्थ्यो, भाले उतै उतै मकै खाँदै पछि लाग्यो । भालेले बिर्सियो कि आफ्नो चिरहरण गर्ने, आफूलाई नाङ्गै हुनेगरी प्वाँख उखेल्ने हिटलरले आफ्नो कल्याण गर्दैनन् भनेर ।

हिटलरले संसदमा बोल्दै भनेका थिए- सभामुख महोदय, बहुदलीय संसदीय व्यवस्थामा नेता र जनताका वीचमा यस्तै सम्बन्ध हुन्छ । जनता र देशलाई पुरै नाङ्गो बनाउँदा पनि नेताका पछि लाग्न जनतारूपी कार्यकर्ता छाड्दैनन् । देश र आफ्नो भलो कुभलो बिर्सेर नेताको जयजयकार गर्न छाड्दैनन् ।

नेपालका सन्दर्भमा २०४६ सालपछिको बहुदलीय व्यवस्था र २०६३ सालपछिको लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था हिटलर र कुखुराको भालेको सम्बन्ध जस्तै छ । देश नाङ्गियो, जनता नाङ्गिए, नेताहरू नवसम्भ्रान्त, नवसामन्त बने । भ्रष्टाचार र अनियमितता, राजनीतिक अपराधिकरणले देश ब्रम्हनालमा पुगिसक्यो । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र बिद्रोहमा ज्यान जोगाएर भागेका नेताहरू फेरि हिटलर बन्दैछन् । तर जनता चेतेनन्, नागरिक समाज चेतेन, हिटलरले फेरि टाउको उठाउन थाल्यो । विश्लेषकहरू भन्छन्- अब नेपाल खरानीबाट उठ्न गाह्रो विषय बनिसक्यो ।

# संसद पुनर्स्थापना भए अर्को बिद्रोह

जेनजी प्रतिनिधिहरूले प्रधानमन्त्रीलाई भेटेर र आफ्ना मन्तव्यका क्रममा भनेका छन्- संसद पुनर्स्थापनातिर लाग्ने हो भने फेरि अर्को विद्रोह गर्न बाध्य हुनेछौं ,




केही जेनजीहरूले परिवर्तनका लागि निर्वाचन भनेका छन् । खासगरी आफूलाई जेनजी प्रतिनिधि भनेर खुला भएका सामना लावती, अर्णव चौधरी, रक्षा बम, पुरूषोत्तम यादव र मोनिका घिमिरेले भ्रष्ट संसद खोजेका होइनौं, संसद पुनर्स्थापना गर्नु भनेको जेनजीको अपमान हुनेछ, जेनजी पुस्ता अर्को आन्दोलन गर्न बाध्य हुनेछ भनेरखबरदारी गरेका छन् ।

खासगरी भदौ २३ र २४ को जेनजी आन्दोलनबाट ज्यान जोगाएर हेलिकोप्टरमा भागेकातत्कालीन प्रधानमन्त्री केपी ओली र उनको एमाले पार्टी संसद पुनर्स्थापना हुनैपर्छ भनिरहेको छ र सडक आन्दोलनद्वारा संसद पुनर्स्थापनाका लागि दबाब दिइरहेको छ । निर्वाचनबाट डराएका र जेनजी पुस्तालाई हा हु भन्ने एमाले संसद पुनर्स्थापनाका लागि हस्ताक्षर अभियान पनि चलाइरहेको छ । कांग्रेस सन्निपात भएझैं भएको छ, निर्णय गर्न सकिरहेको छैन भने माओवादी राजनीतिक शक्ति आर्जन गर्न संगठन बलियो बनाउँदै छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा जेनजी पुस्ताले सातो लिएर अपमानित गरेपछि उपचारका क्रममा सिंगापुर पुगेका थिए, फर्किएका छन् । उनले अझै कांग्रेसलाई दिशा निर्देश गर्न सकिरहेका छैनन् । कार्यवाहक सभापति पूर्णबहादुर खड्का सकभर पार्टी अधिवेशन नगर्ने, टार्ने र संसद पुनर्स्थापना हुन्छ कि भनेर भद्रो हेर्नथालेका छन् । यसैवीच कांग्रेसी स्रोत भन्छ- देउवा वीपी पुत्र सशांक कोइरालाई सभापति सुम्पिन सक्ने बताउँछन् । यता शेखर कोइराला विशेष अधिवेशन भनिरहेका छन् भने कतिपय कांग्रेसीहरू नियमित अधिवेशन गर्दा हुने विवादमा छन् ।

आश्चर्य गगन थापाले आफ्ना अनुयायीहरूलाइ गगन थापा सभापति र प्रधानमन्त्री हुनुपर्छ भनेर हुइयाँ चलाउको पनि देखिन्छ । यद्यपि गगन थापाभन्दा शेखर कोइराला बढी शक्तिशाली छन् । गगन र शेखर नजिकिएर टाढिएका थिए, फेरि नजिकिन पुगेका छन् । शेरबहादुर देउवाले अब सभापति नबन्ने निर्णय गरिसकेका छन् यद्यपि संसद पुनर्स्थापना भए प्रधानमन्त्री चाहिं देउवा नै बन्ने लालसामा देखिन्छन् । केही कांग्रेसी सांसदहरू संसद पुनर्स्थापनाको बिकल्प नभएको बताउँदै एमालेको लहैलहैमा लागेर हस्ताक्षर अभियानमा समेत जुटेको देखिएको थियो ।

जेनजीहरू चीलका आँखाले फागुन २१ को निर्वाचन, सरकारको रवैया, सुशासन र भ्रष्टाचारीहरूमाथिको कारवाहीलाई हेरिरहेका देखिन्छन् । जेनजी सूदन गुरूङमात्र होइनन्, अनेक जेनजीहरू जेनजीका माग पूरा नहुने देखेपछि सरकारलाई घोचपेच गर्न थालेका छन् । कतिपय जेनजीले पार्टी समेत खोलिसकेका छन् । जेनजी र सरकारवीच वार्ता पनि भइरहेको छ, जेनजीले सरकारलाई ज्ञापनपत्र पनि बुझाइरहेको देखिन्छ ।

सशक्त र सकृय जेनजी प्रतिनिधिहरू गत भदौ २३ र २४ को आन्दोलनले भत्काइसकेको बिघटित संसद ब्युँताउन खोजेर ठूला दलका नेताहरूले जेनजी आन्दोलनको भावना र मागको अवमूल्यन गरेको आरोप लगाएका छन् । ठूला र स्थापित दलका लागि जेनजी पुस्ताको यो आरोप महगो पर्नसक्ने अनुमान गरिएको छ । जेनजी आन्दोलनमा राज्यले ७६ जनाको ज्यान लिएको थियो । सयौं घाइते र अंगभंग भएका थिए । चुनाव हुनुपर्छ भन्दै जेनजीहरू भन्छन्- चुनावले जेनजी पुस्ताको माग संवोधन गर्ने तरिकाबाट हुनुपर्छ । अन्यथा...

जेनजीहरू भन्छन्- एमाले, कांग्रेसलगायतका पार्टीका गतिविधि देखेका छौं, आँखा चिम्लेर बसेका छैनौं । सपना देख्न सकिन्छ, तर संसद पुनर्स्थापना हुने सपना पूरा हुनैसक्दैन । अझै जनताको यति ठूलो त्याग र बलिदानपछि पनि संसद पुनर्स्थापनातिर लगियो भने अर्को आन्दोलनलाई निम्तो दिनुसरह हुनेछ ।

जेनजी पुस्ताले पनि अभियान चलाउन सक्छ । केपी ओली, शेरबहादुर देउवाहरूलाई जेल हालौं भनेर हस्ताक्षर अभियान चलाउन सक्छौं । देशलाई खँगार पार्ने पार्टीका नेताहरू अझै सुध्रिने बाटोमा देखिदैनन्, यी पनि नेता हुन् र ? भन्दै अर्काथरि जेनजी पुस्ताका अगुवा भन्छन्- संसद पुनर्स्थापना नै चाहेको भए प्रष्टसँग भनुन्, इटाको जवाफ पत्थरले दिन हामी तैयार छौं ।

## नेपाली भूमिमा भारतीय सेना



नेपालमा राजनीतिक अस्थिरता र अराजकताको स्थिति । अन्यौल बढेको छ । कानुनव्यवस्था लथालिङ्ग छ । यो बेलामा भारतका स्थलसेनाध्यक्ष कालापानी, लिपुलेक, लिम्पियाधुराका गुञ्जी लगायतक क्षेत्रमा पुगेर सेना परिचालन गरिरहेका छन् । भूमि नेपालको, शासन भारतको । भूमि नेपालका भारतको नक्सामा समाहित भइसक्यो । सरकार कहाँ छ, जेनजीहरू कता छन् ? नागरिक समाज र सीमाविदहरू किन बोल्दैनन् ? यस्तै हो भने झन नेपाल साँघुरिदै जानेछ । सबैमा चेत खुलोस् ।

## मृत्यु कि जीवन ? दोसाँधमा देश

जेनजीले बिद्रोह गरेर जिते । यो युद्ध जितेभन्दा ठूलो जित थियो जेनजी पुस्ताको । जेनजी असंगठित थिए, षडयन्त्रकारी नेताहरूले जेनजी पुस्तालाई



यसरी फुटाइदिए कि आफैले बनाएको सरकारका गृहमन्त्रीले जेनजीलाई हपारेर भनेका छन्- को को कुन कुन दल खोल्ने, दलमा समाहित हुने हो भए हुन्छ, निर्वाचनमा गए हुन्छ । जेनजी समूहले दिएको चेतावनीलाई सुशीला कार्की सरकारले बेवास्ता गरेको छ । यही संविधान, यिनै दल, यही व्यवस्था कायम राखेर जेनजी पुस्ताको त्याग र बलिदानको खिल्ली उडाउन थाले दलहरू । जेनजीहरू भनिरहेका छन्- प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीका निर्वाचन । भ्रष्टाचारको अन्त्य, सुशासन । जेनजीका यी सबै मागहरू संवोधन भएनन् । जेनजीलाई परास्त गरियो ।

बुद्धिजीवी भन्छन्- संवाद, सहमति र सहकार्यले मात्र राष्ट्र जिवन्त हुनेछ ।

# नैतिकताको मूल्य र अनैतिक राजनीतिमा भइरहेको बृद्धि



**नारायण प्रसाद मिश्र**

कुनै पनि समाजको नैतिक चरित्रले त्यहाँको राजनीतिको गुणस्तर निर्धारण गर्छ । जहाँ सत्यनिष्ठा, ईमानदारीता र सामाजिक जिम्मेवारीलाई सम्मान गरिन्छ, त्यहाँ राजनीति पनि ती नैतिक मूल्यहरूलाई प्रतिबिम्बित गर्छ । तर जब नैतिकता परित्याग गरिन्छ वा कमजोर पारिन्छ, राजनीति लोभ, भ्रष्टाचार र आपराधिक गतिविधिको माध्यम बन्छ । आज नेपाल र भारत पनि यही यथार्थका जीवित उदाहरणहरू बन्न पुगेका छन्– जहाँ समाज स्वयं नै नैतिकताप्रति उदासीन बनेपछि राजनीति झनझन् अनैतिक बन्दै गएको छ । यो रोग अमेरिका जस्तो मुलुकसम्म पनि फैलिएको छ–जहाँ राजनीतिक जीवनमा नैतिक मूल्यहरूको गहिरो महत्व छ, र शक्तिशाली राष्ट्रपति समेत महाभियोगद्वारा पदमुक्त हुन सक्छन् ।

एक स्वस्थ लोकतन्त्रमा, मतदाताहरू भ्रष्टाचार र आपराधिक पृष्ठभूमि भएका उम्मेदवारहरूलाई अस्वीकार गर्छन् । तर जब समाजको नैतिक स्तर खस्कन्छ, त्यहाँ भ्रष्टाचारी, लुटाहाँ, हत्यारा, ठग, भ्रष्ट र अपराधीहरूले समेत चुनाव जित्न सक्छन् । जब मतदाताहरूले इमान्दार, नैतिकवान, योग्य, दक्ष, समाजसेवीलाई जनसेवाका आधारमा मत नदिई पैसा, सम्बन्ध र पहुँचको आधारमा मत दिन्छन् त्यहाँ अनैतिक, अयोग्य, भ्रष्टाचारीहरूले मत जिल्छन् । परिणाम स्वरूप, राजनीतिक दलहरूले गुणस्तर र सिद्धान्त होइन, पैसा र पावर खोजेर खुलेआम डन, कालोबजारीकर्ता र भ्रष्ट व्यापारीहरूलाई आफ्नो पार्टीमा ल्याउँछन् ।

नेपालको पछिल्ला दशकहरूको राजनीतिक इतिहासमा थुप्रै दुखद उदाहरणहरू छन् । चरी, घैंटे, मनाङ्गे जस्ता कुख्यात अपराधीहरूलाई ठूला राजनीतिक दलहरूले खुलेआम काखीच्यापी अपनाएको इतिहास छ । यी पात्रहरू अँध्यारो कुनामा लुकेर बस्ने अपराधी होइनन्–यी सार्वजनिक रूपमा परिचित अपराधीहरू हुन्, जसलाई जनताको प्रतिनिधित्व गर्ने दलहरूले स्वागत गरे । जब अपराधीहरूलाई नेताको रूपमा सत्कार र सम्मान गरिन्छ, त्यहाँ राजनीति सेवा होइन, शोषणको व्यवसाय बन्छ ।

यो खतरनाक नैतिक पतनले व्यापक कुशासन र असफल शासन प्रणालीलाई जन्म दिएको छ । भ्रष्टाचार हरेक संस्था र निकायमा फैलिएको छ । राज्य अनगिन्ती घोटाला र काण्डहरूले थिचिएको छ । नक्कली भूटानी शरणार्थी प्रकरणमा शक्तिशाली नेताहरू र कर्मचारीहरूले असहाय नागरिकहरूको पीडालाई व्यापार बनाए, जबकि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भिजिट भिसा भ्रष्टाचार काण्डले नेपालको अन्तर्राष्ट्रिय छविमा गम्भीर धक्का पुऱ्यायो–यो सिंगो व्यवस्थाको लाजमर्दो अवस्था हो ।

त्यस्तै, सहकारी घोटालाले पनि नागरिकहरूको भरोसामा गहिरो चोट पुऱ्यायो ।लाखौं लाख सर्वसाधारणले पसिना बगाएर जम्मा गरेको बचत–जीवनको सुरक्षाको आशामा राखिएको रकम–शक्तिशाली राजनीतिज्ञ र उनीहरूको नजिकका व्यक्तिहरूले लुटे । उनीहरूको दुःख, पीडाको लागि अहिले सम्म देशमा सरकार रहेको महसूस भएको छैन । यी घटनाहरू एक्ला-एक्ला काण्ड होइनन्, बरू गहिरो नैतिक रोगका संकेतहरू हुन् ।

यस नैतिक क्षयको परिणाम भयावह छः विरोजगारी, ध्वस्त अर्थतन्त्र र आफ्नै देशमा आशाविहीन बन्न पुगेको युवापुस्ता । त्यसैले आज नेपाल एक राष्ट्रिय पलायनको संकट झेलिरहेको छ–हजारौं शिक्षित, दक्ष, अदक्ष र ऊर्जावान युवाहरू हरेक दिन देश छोडिरहेका छन्, केवल इज्जतपूर्ण जीवन र अवसरको खोजीमा । उनीहरूलाई यस्तो राजनीतिक व्यवस्थामा अब भरोसा छैन–जहाँ योग्यता होइन, पहुँच र पार्टीको भक्ति मात्र सम्मानित हुन्छ ।

जब देशका युवाहरू विदेशमा श्रमिक बन्न बाध्य हुन्छन् र नेताहरू आफ्नै देशमा करोडपति बन्छन्, त्यो समाज गहिरो रूपले बिग्रिएको हुन्छ । जब योग्यहरूलाई छायामा पारिन्छ र अयोग्य चाकरीवाजहरूलाई सत्तामा पुऱ्याइन्छ, समाजका स्तम्भहरू चिरा परिरहेका हुन्छन् । जब नेतृत्वका लागि नैतिकता महत्वपूर्ण रआवश्यकतामा पर्दैन, भ्रष्टाचार शासनको सामान्य शैली बन्छ ।

यो अवस्था एकैपटक उत्पन्न भएको होइन । यो केवल भ्रष्ट नेताहरूको दोष होइन । यो समाजले नै नैतिकता मापदण्डको रूपमा कायम राख्न नसकेको दोष पनि हो । जब मतदाताहरू पटकपटक अनैतिक, अयोग्य उम्मेदवारलाई जिताउँछन्, अनैतिकतालाई वैधता दिन्छन् । जब नागरिकहरू अन्यायको विरूद्ध मौन बस्छन्, सिङ्गो व्यवस्था बिघ्रन थाल्छ । फोहर नैतिक माटोबाट सफा शासन उत्पादन गर्न सकिँदैन ।

नेपाललाई केवल नयाँ नेताहरू होइन, नयाँ चेतना र नैतिक पुनर्जागरण चाहिएको छ । हामीले सामूहिक विवेकलाई पुनःनिर्माण गर्नुपर्छ । परिवारहरूले इमानदारीको मूल्य बुझ्ने सन्तान हुर्काउनुपर्छ । विद्यालयहरूले केवल रोजगारमुखी शिक्षा होइन, नागरिक नैतिकता सिकाउनुपर्छ । समुदायहरू भ्रष्टाचारको विरूद्ध एकजुट हुनुपर्छ र सबैभन्दा महत्वपूर्ण कुरा, मतदाताहरूले प्रतिनिधि मात्र होइन, लोकतन्त्रको आत्मा जोगाउने मूल्यहरूको रक्षकको रूपमा आफ्नो मताधिकार प्रयोग गर्नुपर्छ ।

यस्तै नैतिकताको जग वसाली पुरा नैतिकताको आधारमा संविधान र राज्य सञ्चालन प्रणालीको व्यवस्था नगरेसम्म नयाँ नेपाल निर्माण हुन सम्भव देखिन्दैन । यदि जनताले नैतिक नेतृत्वको माग गरे र न्यायको उपहास गर्नेहरूलाई अस्वीकार गरे, राजनीतिक संस्कार परिवर्तन हुन बाध्य हुनेछ । त्यस दिनसम्म हामीले सम्झनुपर्छः अनैतिक राजनीति रोग होइन–यो त रोगको लक्षण हो । वास्तविक रोग त त्यो मनमा लुकेको छ, जसले नैतिकताको मूल्य भुलिसकेको छ ।

# श्रम पलायनले ल्याएको मौन पीडा

सन्तान विदेशिँदै, नेपाल आमाको काख झनै खाली : श्रम पलायनले ल्याएको मौन पीडा बढ्दोक्रममा छ ।



सरोज अर्याल –

“आफ्ना यति धेरै सन्तान देश छाडेर जाँदा नेपाल आमा कति रून्छिन् होला ? कठै आमाहरू ?”

यो प्रश्न आज लाखौँ नेपाली परिवारहरूको मनमा उठ्ने एक गहिरो पीडा बनिसकेको छ । नेपालबाट युवा शक्ति बाहिरिने दर दक्षिण एसियाकै उच्च दरमध्ये पर्दछ । रोजगारी, शिक्षादेखि सुरक्षित भविष्यसम्मका सपना पूरा गर्न हरेक दिन हजारौँ युवा विदेशी भूमिमा पाइला चालिरहेका छन् । दौडिरहेका छन् ।

अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार, हाल ४० लाखभन्दा बढी नेपाली विश्वका विभिन्न देशमा काम गरिरहेका छन् । विदेशी रोजगार विभागका तथ्यांकले देखाउँछ– प्रत्येक २ मिनेटमा एक नेपाली स्वदेशबाट बाहिरिरहेछ ।

आमाको चाउरिएको अनुहारमा अदृश्य आँसु हेरिसाध्य छैन ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका विदाइ दृश्यहरूमा एउटा समानता पाइन्छ–

एकातिर नयाँ देशमा जाँदा आशा बोकेका युवाहरूको मुस्कान,

अर्कोतिर बुबाआमाको आँखाभित्र लुकिरहेको चिन्ता र अभावको डर ।

आफन्तजनको आँसुको भेल ।

विदेशको चमक – पीडाको अँध्यारो

कतार, यूएई, कुवेत जस्ता देशमा

१२-१४ घण्टा काम

जोखिमपूर्ण परिस्थिति

बसी-बसोबासमा शोषण

धम्की र पहिचान खोसिने अवस्था

तर “परिवारलाई सुख” देख्नका लागि र अभाव हटाउन र रोजीरोटीको बन्दोबस्त गर्नका लागि युवाहरू कुनै पनि मूल्यमा विदेशिन बाध्य छन् ।

अर्थतन्त्र र पीडाको दोहोरो धरोहर

पछिल्लो आर्थिक तथ्यांक अनुसार नेपालले वार्षिक १ खर्ब २० अर्ब रूपैयाँभन्दा बढी रेमिटेन्स पाउँछ । देशको आम्दानीको ठूलो हिस्सा विदेशमा पसिना बगाउने युवाहरूकै हातमा टिकी रहेको छ ।

तर यसकै बीचमा एउटा गम्भीर प्रश्न उठ्न थालेको छ–

देश चलाउन सन्तानलाई विदेश पठाउनु अनिवार्य किन हुनुपर्‍यो ?

विशेषज्ञहरू भन्छन्– देशमा रोजगारीको संरचना बलियो भए, औद्योगिक उत्पादन बढे, र युवालाई स्वदेशमै भविष्य देखिने वातावरण बने, यो निर्भरता घट्न सक्छ । रोजगारी सिर्जनाका लागि चिन्तन कत्ति पनि देखिदैन ।

खाली गाउँ, कमजोर भविष्य

मधेशदेखि पहाड, हिमालसम्म धेरै गाउँहरू “वृद्ध र बालबालिकाको बस्ती” जस्तै देखिन थालेका छन् । पहाड नाङ्गो हुँदै गएको देखिन्छ ।

स्कूलमा विद्यार्थी घट्दै, खेतबारी बाँझिँदै, संस्कार र परिवारको संरचना कमजोर बन्दै गएको अनुसन्धानहरूले देखाउँछन् ।

मानसिक स्वास्थ्य विशेषज्ञहरू चेतावनी दिन्छन् –

बाहिरका कठिन श्रम, परिवारबाट टाढा बसाइ र असुरक्षाले

धेरै नेपाली युवाहरू डिप्रेसन र आत्महत्या जोखिममा परिरहेका छन् ।

नेपाल आमाको मौन चित्कार

देशका हरेक आँगनमा

एकै आवाज गुन्जिरहेको छ– “फर्केर आऊ, मेरो काख रित्तो नपार ।”

किनकि देश बनाउने सीप विदेशमा हुँदा राष्ट्र केवल प्रार्थनामा बाँधिन्छ ।

देशको काखमा बस्ने सपना त छ तर बेरोजगारीले सताउँछ अनि

युवाहरू विदेशिने निर्णय गलत होइन ।

तर समस्या त्यहाँ उत्पन्न हुन्छ–जब स्वदेश त्याग्नु एकमात्र विकल्प बन्छ ।

नीति निर्माताहरूले अब श्रम पलायनलाई अवसर होइन, चेतावनीको घण्टीका रूपमा हेर्नुपर्ने आवश्यकता बलियो बनिरहेको छ ।

नेपाल आमाको मौन चित्कार अझै सुनिँदै छ–

“मेरो छोराछोरी काखमै रहुन्, यही सपना बनाउन् ।” तर बाध्यता छ ।

# सर्वपक्षीय संवादबाट मात्र निस्किन्छ निकास

**पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठ**



जेन-जी आन्दोलन पछि अनेक प्रश्न उठेका छन् भन्दै पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठले यो संकटको निकास सर्वपक्षीय संवादबाट मात्र निस्कने विचार व्यक्त गर्नुभएको छ उहाँका संवाद, सहमति र सहकार्यको प्रस्ताव उचित र समयोचित भनेका छन् । उहाँको विचार छ-

सुधारको बाटो जेन-जी आन्दोलनको प्रत्यक्ष रूपमा र त्यसभित्र अन्तर्निहित नेपाली जनाताको निराशा चिर्दै आशा सम्बोधन गर्ने दीर्घकालीन रणनीति के हो ? त्यसरी हेर्‍यो भने हाम्रो जिम्मेवारी ठूलो छ । केवल निर्वाचनले मात्रै यो आन्दोलनको मर्म पूरा हुन्छ जस्तो मलाई लाग्दैन । सायद खोजेको पनि त्यो होइन । खोजेको केही बढी हो, तर हुन गइरहेको केही कम देखिएको छ । यसमा तालमेल नमिलाई चुनाव भए फेरि त्यही प्रश्न दोहोरिन्छ । चुनावको औचित्यमा फेरि प्रश्न उठ्छ ।

..अहिले हामी जटिल अवस्थामा छौँ । जुन मार्गचित्रमा हामी गइरहेका छौँ, त्यसबाट पनि निधोको स्पष्ट आभास भइरहेको छैन । यो अनिश्चय वा अनिर्णयको संघारमा हामी उभिएका छौँ । त्यो अस्पष्टता भनेको राज्यले सहन नसक्ने अवस्था हो । राज्य त स्पष्ट हुनैपर्छ, कुन बाटोमा जाने ? त्यो बाटोमा कसरी चाँडोचाँडो हिँड्ने र लक्ष्य प्राप्त गर्ने भन्ने कुरामा रणनीति र कार्यनीतिसहित अगाडि बढ्नुपर्ने हो, त्यो छैन । ..यो मुभमेन्ट आफैँमा ठूलो विस्फोट हो । शान्तिपूर्ण उद्देश्यले गरिएको आन्दोलन अशान्तपूर्ण अन्त्यमा पुगेको छ । क्षति अपूरणीय भएको छ । त्यसको जिम्मा कसले लिने त्यो देखिँदैन । नाफाखोर त अवश्य होलान्, यसको जिम्मा लिन कोही कस्सिएको देखिँदैन ।

व्यापारिक संघसंस्थाले ढुक्कसाथ लगानी गर्ने क्षमता गुमायो । यो अवस्थामा देश लगानीका लागि योग्य छैन भन्ने भाव व्यापारीले बोक्यो भने त्यो झन् त्रासादीपूर्ण हो, त्यो कुनै फिगरभन्दा माथि हो । त्यसलाई कसरी सम्बोधन गर्ने ठूलो चुनौती छ । समाधानको नीति अविलम्ब सरकारले लिनुपर्ने थियो र लिनुपर्ने छ । सरकारले आर्थिक क्षेत्र, प्रहरी र कर्मचारीतन्त्रको मनोबल बढाउनु पर्नेछ । जेन-जी आन्दोलनमा कसैको सम्पत्तिमा आगलागी लुटपाट हुँदा भोलि अर्को आन्दोलनमा मैले क्षति व्यहोर्नु पर्दैन भन्ने सुरक्षाको आधार के ? हरेकले त्यो संघारमा भोलि म पनि हुन सक्छु भन्ने त्रासदिमा बाँच्नु पर्‍यो भने देशमा बस्न चाहनेको संख्या बढ्छ त ?

सरकारले प्याकेज घोषणा गर्नुपर्छ । त्यो कुनै भाषणबाट आउने होइन, त्यो भोग्न सकिने क्रियात्मक आश्वासनबाट मात्रै आउन सक्छ । यो ६ महिनामा चुनाव त गर्न सकिन्छ, तर गुमेको विश्वास र अवसर ती ६ महिनामा पुनर्स्थापना गर्न सकिने खालका छैनन् ।

जेन-जी पुस्ताले अहिले मुख्यगरी भ्रष्टाचार नियन्त्रण र सु-शासन दुईवटा शब्द उठाइरहेको सुनेको छु । त्यो हुन्छ किन ? त्यसको पृष्ठभूमि त होला नि ! कानुनमै छिद्र राखेर धराप थापेपछि हुन्छ भष्ट्राचार । त्यो सजिलैसँग कहाँ निणन्त्रण हुन्छ ? प्वाँल टाल्नुपर्ने हुन्छ । हाम्रोमा नीतिगत, कानुनी, संरचनागत चारित्रिक समस्या छ । हामीले चरित्र निर्माणमा ध्यान दिएकै छैनौँ । हामीले नैतिक शिक्षा कति पढ्छौँ ? मौका नपाउँदासम्मका इमान्दार धेरै पाइन्छ । यो ठूलो प्रश्न हो । संविधान, राजनीति, न्याय, चरित्र, ऐन कानुन, प्रक्रिया सबै ठिक हुनु पर्‍यो ।

जेन-जीले मागेको सु-शासन र भष्ट्राचार कुनै वस्तु होइन । माग्नेलाई त्यति सजिलै दिन सकिने विषय होइन यो । यी सबै कुरा ठिक भएपछि बल्ल सु-शासन हुन्छ । यसका लागि राज्यले आफूलाई पुनरावलोकन गर्नुपर्नेछ । संविधान परिवर्तन मिलेर भन्नुपर्छ ।

यक्ष प्रश्न छ, आगामी दिनमा कुन बाटो हिँड्ने तय गर्नुपर्नेछ । सुरक्षा निकाय, कर्मचारीतन्त्र, आर्थिक, राजनीतिक समस्या छन् । एक पक्षले हार्ने, अर्को पक्षले जित्ने होइन । यसरी हार्ने जित्ने भएर समाधान हुँदैन । सबैलाई जिताउने र समेट्ने सोचबाट संवाद गर्नुपर्छ । अहम्लाई एकातिर राखेर सद्भाव, सौहार्दता, सहकारिता समन्वय यी धेरै ‘स’लाई मिलाएर संवाद गरौँ ।

राजनीतिक वृत्तलाई पनि भन्छु । त्यसैले यो चुनौतीलाई सबै मिलेर बुद्धिमतापूर्वक सम्बोधन गर्नुपर्छ । राष्ट्रको जग फेरि जरासम्म हाल्नुपर्छ ।


यो जिताउने हराउने बेला होइन । यसलाई त सहन सक्ने बिन्दुसम्म कि टार्नुपर्छ कि सम्हाल्नुपर्छ । विवादका कारण र पक्ष छन् तिनलाई मध्यस्थता र मेलमिलापको माध्यमबाट समाधान गर्न सक्नु पर्‍यो नि । राज्यले संवाद नगरी अन्य अस्त्र प्रयोग गर्नु हुन्न भन्ने मलाई लाग्छ । त्यसकारण यो संवाद अर्थपूर्ण मानेको छु । जेन-जी,भाइबहिनी भन्दा हेपेको जस्तो हुन्छ । १६ वर्ष पुगेपछि त ‘पितापुत्र समाचार्य’ बाबुछोरा पनि मित्रवत् बन्नुपर्छ भन्ने हाम्रो मान्यता छ । जेनजींहरूले परिवर्तनको रफ्तारलाई निरन्तरता दिनुस् । व्यवसायिक क्षेत्रले पनि आफ्नो जिम्मेवारी बुझेर, शोकबाट मुक्त भएर समाधानको मार्गप्रशस्त गर्ने पुनर्स्थापनाको एप्रोच राखेर काम गरौँ ।







# मिसन, भिजन र प्रतिवद्धता देखिएन



शेखर ढुंगेल

मिसन, भिजन र प्रतिवद्धता नभएपछि देश कसरी रसातलतिर भाँसिदो रहेछ भन्ने उदाहरण नेपाल हो । नेतृत्व बर्गले बुझेनन्, गल्ती गरे, स्वार्थमा लागे । नेपोटिजम र नेपोबेबीइजम नै राजनीति हो भन्ने ठाने, जसका कारणले देशमा भ्रष्टाचार र अपराधिकरण मात्र भयो । असन्तुष्टि देशव्यापी रूपमा बढ्यो । असन्तुष्टि संवोधन गर्न खबरदार गर्नुपर्ने नागरिक समाज र बुद्धिजीवीहरूले कर्तव्य पूरा गरेनन् र यिनीहरू पनि स्वार्थसिद्ध गर्नेतिर नै लागे । यही असन्तुष्टि ज्वालामुखी बनेर लाभाको रूपमा फुटेको हो, गत भदौ २३ र २४ गतेको आन्दोलन, आन्दोलनपछिको बिद्रोह, बिध्वंश ।

मेरो विचारमा-

हाम्रो GEN –Z होस् कि GEN –A होस् अहिले सम्म नबुझेको कुरो के भने कुनै पनि बाद वा पद्धतिले देश सम्वृद्धिको आधार होइन देशको सम्वृद्धिको लागी मिसन, भिजन र प्रतिबद्धता भएको एक निष्पक्ष इमान्दार र निर्दयी शासक (नेतृत्व) अनिबार्य हुन्छ, जो जात दल बाद बर्ग र समूह, क्षेत्र भन्दा माथि उठेर देश र जनताको लागि मात्र सोच्ने नेतृत्व, नीति, सिद्धान्त अनिबार्य हुन्छ ।

बिश्वमा नेपाल मात्र त्यस्तो एउटा देश हो जसले धेरै प्रकारको बाद पद्धति को प्रयोग गर्यो र पनि आज असफल हुनुको कारण देश भक्तिपूर्ण इमान्दार निष्पक्ष र कानुनको मामलामा निर्दयी नेतृत्वको खडेरी परेको कारण हो। नेपालमा राजा महेन्द्रको प्रत्यक्ष नेतृत्वको ८ बर्ष बाहेक सबै प्रयोग निश्प्रभावी किन भयो ? स्वतन्त्रता र अधिकारको अर्थ अर्कोको स्वतन्त्रता र अधिकारको रक्षा गर्ने दायित्व निर्वाह पनि हो भन्ने बुझ्ने नागरिक बिना कुनै पनि पद्धती र बाद सफल हुन् सक्दैन । तसर्थ GEN –Z र GEN –A ले सत्यलाई बुझेर अभिभावकको रूपमा राजसस्थालाई पुनर्स्थापना गर्नु अनिबार्य छ । दलको नेता र तिनको भ्रष्ट चरित्रबाट नेपालको अस्तित्व बचाउन अब सम्भब छैन ।

निष्कर्ष : घरमा, अथवा देशमा अभिभावक चाहिने रहेछ । नेताहरू अभिभावक बन्न चाहेनन्, सकेनन् । अभिभावकविहीनता ठूलो समस्या हो ।

**मैले भन्दै आएको दशकौ भयो नेपाल खुल्ला पागल खाना भयो, पागलको सिङ्ग उम्रदैन अस्पताल जानु पर्ने जादैनन् गर्नु के ? यो गम्भीर विषय बनेको छ देशमा ।**

**पछिल्लो संदर्भ उपत्यका मात्र होइन देशको कुनै पनि सार्बजनिक जमिन कब्जा आफैमा अपराध हो नै र उपत्यकाको बिभिन्न नदि किनारा लगायत अन्य सार्बजनिक जमिनको रेखांकन र हकभोगको सिमा २०३२ साल तिरनै पंचायतले निर्धारण गरि सकेको हो । त्यही जमिन र नदि किनारा कब्जा गर्ने क्रम बढ्यो हटाउन मन्त्रालय बागमती संरक्षण उपत्यका बिकास प्राधिकरण लगायत महानगर समेतको काम कर्तब्य अधिकार र जिम्मेवारी तोक्ने कानुन बनाउने त् सरकार नै हो अब तोकिएको काम गर्दा कानुनले दिएको जिम्मेवारी पुरा गर्दा बालेनले गालि खानु पर्ने यो कस्तो पागलपन ? के उसले मेयर भए पछी बनाएको नीति नियम कानुन हो र यो भैररहेको नीति नियम कानुनको कार्यन्वयन मात्र न हो ? दलीय नेताले भोटको राजनीति गर्न गलत कामको लागि प्रेरित गरे उनले राज्यले दिएको जिम्मेवारी पुरा गर्दैछन तल्लो स्तरमा उत्रेर (केहि एमाले र हिजोको दुर्गा प्रसाईको तुच्छतापूर्ण बोली) गाली गर्नु पागलपनले सिमा नाघ्यो । देश गलत बाटोमा गयो । खोई विवेक ?**



# कति आए, कति गए सिंहाशनमा बस्न, कोही कोही मात्रै सके...

**गजल**

झुक्यायो भमरालाई फूलले झुक्यायो
जसरी मलाई तिम्रो कबुलले झुक्यायो ।

निर्वाद रगत चुस्न पल्केका लामखुट्टे
भन्दै छन् हामीलाई झुलले झुक्यायो ।

विश्वास गरेछु तिमीलाई आँखा चिम्ली
जानी जानी गरेछु त्यो भूलले झुक्यायो ।

राधा बिलौना गर्छिन् यमुनाको तीरमा
हाय कृष्ण तिम्रो त गोकुलले झुक्यायो ।

प्यासी थिएँ म तिम्रो प्रेमिल जवानीको
मेटेन तिर्खा यौवनको मूलले झुक्यायो ।

**नवशिला**
नवदेव मार्ग, लालभित्ती, मोरङ।
२६ कार्तिक २०८१, गोदावारी, ललितपुर ।



## धमिराको देवल

२०८२ कात्तिक २८, काठमाडौं शंकर लामिछाने प्रतिष्ठानले आज निबन्धकार बोधराज पौडेलको निबन्धकृति **धमिराको देवल**को लोकार्पण तथा परिचर्चा कार्यक्रमको आयोजना गऱ्यो ।

डालो रेस्टुरेन्ट, अनामनगर, काठमाडौंमा आयोजित सो कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि शंकर लामिछाने प्रतिष्ठान सल्लाहकार वरिष्ठ समालोचक प्रा.डा. लक्ष्मणप्रसाद गौतम, प्रतिष्ठानका अध्यक्ष तथा कार्यक्रमका सभापति राधेश्याम लेकाली, संरक्षकहरू सविता ढुंगाना र संगिता शर्मा, गुन्जनकी निवर्तमान अध्यक्ष वरिष्ठ साहित्यकार हिरण्यकुमारी पाठक, वरिष्ठ समालोचकद्वय प्रमोद प्रधान र प्रा. डा. गोविन्दमानसिंह कार्की लगायतले सो कृतिको लोकार्पण गर्नु भएको थियो ।

लोकार्पित कृति **धमिराको देवल**बारे समालोचकद्वय प्रमोद प्रधान र प्रा. डा. गोविन्दमानसिंह कार्कीले समीक्षात्मक मन्तव्य राख्नु भएको थियो ।

यसैगरी कार्यक्रममा प्रमुख अतिथि गौतम, अध्यक्ष लेकाली, विशेष अतिथि पाठक र कृतिकार बोधराज पौडेलले आआफ्नो मन्तव्य राख्नु भएको थियो ।

कवि कल्पना काफ्लेले सहजीकरण गर्नु भएको सो कार्यक्रममा साहित्यकारहरू किशोर पहाडी, राजेश खनाल, श्रीबाबु कार्की, प्रेम राई परीक्षित, श्रीराम राई, राजन न्यौपाने, नवराज रिजाल, डी. आर. राई, पारशप्रकाश नेपाल, उमेश पाण्डे, रितु कँडेल, विष्णु आभूषण, यशोदा अधिकारी, होमशंकर बास्तोला, सन्तोशकुमार दाहाल लगायतको उपस्थिति थियो ।

समीक्षात्मक टिप्पणी गर्ने र उपस्थित कवि तथा लेखक राजेश खनालका अनुसार उक्त कृति उत्कृष्ठ छ । पठनीय छ । नेपाली वाङ्मयमा यो कृतिले अलग छाप छाड्नसक्ने उहाँहरूको प्रतिकृया रहेको थियो ।

सबैले यो कृतिको सफलताको कामना गरेका थिए ।

## जीवन धान्ने माया मोह

कति आए, कति गए, सिंहासनमा बस्न
कोही कोही मात्रै सके हाम्रो मनमा पस्न
शक्ति लिए आदेश दिए कुटे, काटे, मारे
धेरैलाई जिते तर आफैँदेखि हारे ।
थुप्रिएको सम्पत्ति र ठडिएको दरबार
काम लागेन पछुतो भो आखिरमा बेकार
लोभी, पापी, घमण्डी त हुन्छन् घृणापात्र
श्रद्धा पाउँछन् मान्छेलाई माया गर्ने मात्र ।
जीवनभरि ढाँट्नुपर्ने आफैँलाई हेरी
जीवनभरि ठग्नुपर्ने अनेक रूप फेरी
लज, सरम, नैतिकता सबै हराएर
बाँच्नुपर्ने 'मार्ने हुन् कि !' भन्दै डराएर ।
जीवन धान्ने माया मोह भए पुगिहाल्छ
हाम्रो प्रयास थोरै भए यही माटोले पाल्छ
ज्ञानी मान्छे ! सुन्दर संसार, अमूल्य यो चोला
सबै बिर्सी हामी किन बिग्रिएको होला !



**इन्द्रकुमार श्रेष्ठ**




# मुक्तक : लोकतन्त्रमा मिलजुली भागबण्डाले केही हुँदैन



पहाडी भागमा छुकछुके मनो रेल आयो
मदेशतिर भान्साको धारामा तेल आयो
हामी कौवा जस्ता जनताकालागी भने!
सिख्रो बोटमा काँचो र कट्मेरो बेल आयो ।

**- शंकर ज्ञवाली**



जति उठाउ उठाउने कालो झन्डाले केही हुँदैन
दलाक्षर नजान्ने माउचल्ला अन्डाले केही हुदैन
४६ पछिका भाले तह लगाउन एकजुट हुनुपर्छ
लोकतन्त्रमा मिलिजुली भागबन्डाले केही हुँदैन ।

**- निरजकुमार माझी**



कोही जीवितै फर्किए, कोही लाशमा फर्किए,
अधिक निराशा बादल, कोही आशमा फर्किए
जीवनका के ठेगान, युद्ध वन्दीको जिन्दगानी,
इन्काउन्टर हुने हो कि, धेरै त्राशमा फर्किए ।

**- अर्जुन अधिकारी**




सफल हुनलाई साधना र मिहिनेत चाहिन्छ महोदय
डाहा गर्दैमा यत्तिकै सफलता कहाँ पाहिन्छ महोदय
मजस्तै अनेकौं सर्जकको एउटै भाव छ यो फाँटमा
हरदम सुमधुर प्रीतमात्र साहित्यमा लाहिन्छ महोदय ।

**- सुबोध तिवारी, तनहुँ**



जमाना पहिलेझैं रसिलो छैन
मानिस उहिलेझैं हँसिलो छैन
हिजोआज त परिवारभित्रकै
नाता र सम्बन्ध कसिलो छैन ।

**- अरूण कुमार भुजेल**



कसैलाई सम्झीनु, कसैलाई बिर्सनु पऱ्यो
जीन्दगीभर एक पागल भएर तड्पिनु पऱ्यो
समाजमा जातीय विभेद भएकै कारण
आज चोखो मायाँ गर्नेहरूले छुट्टीनु पऱ्यो ।

**- कला ढकाल**



पहिलो भेटमा अलिकति लजाएकी थिईन्
मेरो मायाँ मन मुटुमा सजाएकी थिईन्
नियालेर हेरूरहुँ लाग्ने सधैं उनकै प्रतिबिम्ब
दौडिरहेको यो मनलाई कजाएकी थिईन् ।

**- विद्या भण्डारी**



सभ्यताले नयाँ काचुली फेर्न लागेको बेलामा
देश उन्नतशिल बन्न जुर्न लागेको बेलामा
बिकृति सृजना गर्नेमा अगाडि नबढ है
देशमा नवीन पदचाप पर्न लागेको बेलामा ।


**- गंगा लिगल**

# पोटोम्याक किनारबाट



**अरूणबहादुर खत्री**

यात्रा साहित्य विश्व साहित्यमै लोकप्रिय विधाको रूपमा मानिन थालिएको छ । सभ्यता र संस्कृति जीवन र जगत्को अनुभव र अनुभूतिका कारण नियात्राका पाठक बढेर असाहित्यिक वर्गमा पनि प्रभावकारी बन्दै गएको छ । यही कारण अन्य विधामा हात हालेका स्थापित लेखकहरू पनि यस विधाप्रति आकर्षित भइरहेका छन् । "पोटोम्याक किनारबाट" कथाकार एवं नियात्राकार रामप्रसाद पन्तको २०७४ फागुनमा पछिल्लो कृतिको रूपमा प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र सपनाको भूमिमा प्रथम पाइला, फेरिएका रङ्ग अन्तरङ्गहरू, अमेरिकामा दसैं उत्सव, क्यापिटल हिल र लाइब्रेरी अफ कांग्रेस, नेशनल पार्क अर्थात् खुल्ला सङ्ग्रहालय, प्रतीक्षाको उपहार लगायत विभिन्न शीर्षकका १९ वटा नियात्राहरू समेटिएका छन् । यस सङ्ग्रहभित्रको सपनाको भूमिमा प्रथम पाइला शीर्षकको पहिलो नियात्रामा वाह .....पेन्टागन ! संसार हल्लाउने दायित्व बोकेको मन्त्रालय । विश्वको सुरक्षा नीतिलाई गम्भीरतासाथ अध्ययन गरेर कहाँ कहिले कुन बखत के गर्नुपर्छ भनी तम्तयार भएर बसेको संसारको तारो पेन्टागन । यस्तो पेन्टागनलाई रामप्रसादले आउँदाआउँदै बाटोमा देख्न पाउँला भनेर सोचेका थिएनन् । उनले हेरिरहे खुल्ला आँखाले केहीबेर ।




नियात्राकार रामप्रसादले यात्राका क्रममा देखेका, भोगेका, सुनेका र भेटिएका नियात्राहरू यसभित्र रहेका छन् । क्यापिटल हिल र लाइब्रेरी अफ कांग्रेस शीर्षकभित्र संसद भवनको बाह्य परिसर सुन्दरताको साँच्चै नमूना थियो । प्राङ्गण र बगैंचाको केन्द्रभाग अनि छेउकुनाहरूमा सजिएका घोडा, सिंह, मृग र बाघ लगायत वरिपरिका कलात्मक मानव मूर्तिहरूले सौन्दर्यमा अरू मोहकता थपेका थिए भनि लेखिएको छ । नेशनल पार्क अर्थात् खुल्ला संङ्ग्रहालय शीर्षकभित्र खुल्ला दुबे मैदानको एकतर्फ एउटा उच्च आलयमा स्थापित गरिएको रहेछ लिङ्कनको मूर्ति भनिएको छ । लिङ्कन मेमोरियल र वासिङ्टन मोनुमेन्टको करिब बिचोबीचमा एउटा स्तम्भ रहेछ दोस्रो विश्वयुद्ध स्मारक स्तम्भ । त्यसमा अङ्कित असङ्ख्य ताराहरू मध्ये प्रत्येक ताराले एकहजार सैनिकको प्रतिनिधित्व गर्दा रहेछन् भनि नियात्राकार रामप्रसादले लेखेका छन् ।

संक्षेपमा भन्नुपर्दा सोझा, सरस, सहज र सरल भाषामा लेखिएका नियात्राहरू यस सङ्ग्रहभित्र पढ्न पाइन्छ । यी यात्रा निबन्धमा भेटिने अनुभूतिको रमरम र स्थान, समय, परिवेशमाथिको आलोचनात्मक दृष्टि यात्रा संस्मरणका प्रमुख पक्ष हुन् । सरकारी सेवामा रहेको बेला छोटो समय लिएर सरकारी कामकाजमा विदेशको भ्रमण गर्ने अवसर पाएर गएका व्यक्तिले आफ्नो कामकाज पूरा गर्नुको साथै साहित्य सिर्जना समेत गर्नुले पनि नियात्राकार रामप्रसादले समयसँगै कलम पनि लिएर हिँड्ने गरेको देखिन्छ । उनले लेखेका प्रायः सबै नियात्राहरू छोटा, छरिता र मीठा छन् । नेपाली साहित्यमा नियात्रा र संस्मरण सबैखाले लेखक र पाठकले लेख्ने र पढ्ने बिधाका रूपमा दरिदै आएका बिधा हुन् । विषयवस्तुका विविधता, सरल भाषाशैली र शीर्षक सार्थक रहेकाले रामप्रसादका यी नियात्राहरू पढेर नसकुन्जेल कौतूहलले चिमोटिरहने र पाठकलाई आफू पनि लेखकसँगै यात्रा गरिरहेको अनुभूति गराउने खालका छन् ।

उनले भ्रमण गरेको बृत्त ता सानो छ अमेरिकाका असीमितताको तुलनामा सीमित छ तर दूरदेशको स्वप्नभूमि अमेरिकाको राजधानी र सभ्यताको मुटु वासिङ्टन डीसी र न्यूयोर्क भएकाले एक झल्कामा जेजति देख्न बुझ्न सकियो त्यति नै हाम्रा मनमा आश्चर्य उत्पन्न गर्न पर्याप्त छ, सङ्क्षिप्त परिचय दिन पर्याप्त छ । आप्रवासनमा रहेका केही साथीहरूको सुझावलाई अनुमोदन गरेर केही समय लामै समय वा सधैंका लागि अमेरिकामा बस्न मलाई रूचि थिएन । रूचि भएको भए म इ डिभी नै भर्थे र सधैंका लागि पाताल भासिन्थे । तर मैले कहिल्यै इ डिभी भरिन र भर्ने प्रयास पनि गरिन बाई बाई अमेरिका शीर्षकको यस सङ्ग्रहभित्रको अन्तिम नियात्रामा नियात्राकार रामप्रसादले लेखेका छन् । जन्मेपछि मृत्यु एकदिन अवश्य हुन्छ । जन्मिनु, हुर्किनु र जीवनको मेसो समाएर अघि बढ्नु सामान्य बुझाइमा पनि यात्राकै रूप हो । हाम्रो हरेक सिलसिलाको गति पनि यात्रा हो । जिन्दगीको हरेक आगतलाई मान्छेले आफूअनुकूल र आफ्नो वशमा राख्न चाहन्छ । तर सोचाइ अनुसार समयका नौला छापहरू देखापर्छन् ।

प्रस्तुत नियात्रासङ्ग्रह पोटोम्याक किनारबाटमा वरिष्ठ लेखक एवम् समालोचक प्रा.डा. गोविन्दराज भट्टराईले लामो भूमिका लेखिदिनु भएको छ । भूमिकाको निचोडमा उहाँले पन्तका तिनवटा मूलभूत नियात्रात्मक विशेषतालाई प्रष्ट पारी लेखिदिनु भएको छ । फेरिएका रङ्ग अन्तरङ्ग शीर्षकको नियात्रामा अमेरिरका भ्रमणको खुसीयाली सँगसँगै गम्भीर पनि भएको थिएँ त्यसबेला नियात्राकारले लेखेका छन् । रामप्रसादको लेखनकला अत्यन्तै प्रवाहमय छ । नवीन ठाउँमा जानेबेलाको उत्कण्ठा आकासिन्छ आफ्नो अज्ञानताले गर्दा सम्पूर्ण संवेगहरू उत्तेजित हुन्छन् ।

यात्राका मोड, घुम्ती अनि गोरेटोमा भेटिएका अनुहारहरूलाई नाटकका पात्र जस्तै एउटा कथाभरि सँगसँगै रहेर छोडिएपछि अर्को कथामा आफूसहितको कुनै दृष्यको प्रतीक्षा उनले गरिरहेझैं लाग्छ । यात्रा र स्थान परिवर्तनले मनभित्र नयाँ शक्ति प्रदान गर्दछ । आँखाले पढेको हृदयभन्दा मनले भेटेको शब्द बढी प्रभावकारी हुन्छ यात्रामा । प्रस्तुत नियात्राकृति स्रष्टाले देखेको भोगेको यथार्थ पनि हो । प्रस्तुत कृतिमा स्रष्टा रामप्रसादले आफूले देखेको, भोगेको र अनुभूति गरेको यथास्थितिलाई प्रस्तुत गरेका छन् । साथै यस सङ्ग्रहभित्रका नियात्राहरूमा जीवनबोध, जीवनको मौलिक परिभाषा र जीवनको कटु सत्यसँग आत्मसात पाइन्छ ।

नेपाली साहित्यको निबन्ध विधामा पर्ने यो यात्रा वृत्तान्त सबै पाठकले पढ्नै पर्छ । यसमा लेखकको आफ्नै अनुभूति स्वाद छ उनको निजी भावना जतातत्तै छरिएको छ । लेखनशैली स्वतन्त्र छ । उनका यात्राहरू रोचक र रसिला छन् । यात्राहरू पेचिला र पुष्टकारी प्रतीत छन् । अन्त्यमा समग्र रूपमा भन्नुपर्दा यस कृतिले नेपाली साहित्यमा महनीय स्थान लिएको छ । यस कृतिलाई नेपाली साहित्यप्रेमी पाठकहरूको मनले रूचाउनेछ । यस्तै अन्य कृतिहरू पढ्न पाइरहने अपेक्षा गर्दछु ।

प्रकाशक: दायित्व बाङ्मय प्रतिष्ठान, नेपाल
संस्करण: प्रथम, मूल्य: रू.२५०।-, पृष्ठ: १६८




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## नागरिक समाज किन मौन छ ?

शासन प्रशासन र जनतावीचको सम्बन्धलाई न्यायिक र सुमधुर बनाउनका लागि नागरिक समाजको अहम् भूमिका हुन्छ । जब शासन प्रशासन निरंकूश भएर चल्नथाल्छ र नागरिक समाजले खबरदारी गर्दैन भने त्यसको मारमा जनता पीडित हुन्छन्, पद्धति र राष्ट्र कमजोर हुँदैजान्छ ।

बहुदलपछिका १२ वर्ष कालरात्रि बन्यो । त्यतिबेला नागरिक मासजले खबरदारी गर्ने काम गरेनन् । नागरिक समाजभित्रै थिङ्क टैंक हुन्छन्, तिनले पनि आफ्नो जिम्मेवारीको निर्वहन गरेनन् । त्यसपछि जनयुद्ध, जनआन्दोलनको बलमा २०६३ सालको परिवर्तन आयो । त्यसपछिको १८ वर्ष नागरिक समाज र बुद्धिजीवीले आफ्नो कर्म गरेनन् । पुरानो सत्ता ढाल्न ०४६ साल र ०६३ सालमा चिच्याउने, आन्दोलन गर्ने नागरिक समाज दुबैथरिको परिवर्तन आएपछि सत्ताको पछि पछि दगुरे । स्वार्थ नै तिनको उद्देश्य बन्यो । फलत: न बहुदल जनपयोगी बन्नसक्यो, न लोकतन्त्र नै जनजीवन । जनजिविका यी दुबै शासनमा कहर बनेर जनताको भार बन्यो । यसैको प्रतिफल हो गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र आन्दोलनपछिको बिद्रोह । यो आन्दोलन र बिद्रोहले सत्ता ढल्यो, संसद र संविधान ढल्यो । प्रधानमन्त्री भागे, राष्ट्रपतिलाई सेनाले बचायो । त्यसपछि जे भइरहेको छ, त्यो पनि जेनजी आन्दोलन र बिद्रोहको आवाज अपेक्षा अनुसार भइरहेको छैन ।

यो संक्रमणकालमा पनि नागरिक समाज मौन बसेको छ ।

नागरिक समाजले आफ्नो भूमिका किन खेल्न सकेन ? आश्चर्य लाग्छ । देवेन्द्रराज पाण्डे, कृष्ण पहाडी, सुन्दरमणि दीक्षितजस्ता अनेकथरिहरू आफूलाई नागरिक समाजका अगुवा बताउँछन् । मानवाधिकारवादी पनि आफै बनेका छन् । अधिकारकर्मी अनेकथरि छन् । यी सबैथरि स्वनामधन्य नागरिक समाज र अधिकारकर्मीहरू राजनीतिक दल र आइएनजीओका एजेन्डा बोक्ने भरिया बनेको दृश्य टीठलाग्दो छ । जनताको हकका कुरा गरेजस्तो गरेर राजनीतिक नेताहरू रिसाउलान् कि भनेर जिब्रो लरबराउने र आफ्नो र आफूले बोकेको भारीको स्वार्थमा काम गर्नेहरूले राष्ट्रधर्म, दायित्व निर्वाह गरेनन् ।

नागरिक समाजले आफ्नो भूमिका किन खेल्न सकेनन् ? तिनै नागरिक समाज, तिनै मानवाधिकारवादी ? तिनै आइएनजीओमा संलग्नहरू ? तिनै पार्टीका सल्लाहकारहरू पनि । नागरिक समाजले बोल्नैपर्ने, मानवाधिकार हननका विषयमा उठाउनै पर्ने जनताको अपेक्षा र आवाजको संवोधन गर्न यिनले सकेनन् । जब समाजका विवेकशीलहरू विवेकहीन हुन्छन्, अनि कानुनीराजमा अपराधिकरण बढ्छ । जनआवाज बोक्नुपर्नेहरू दलका भरिया बनेर स्वनामधन्य नागरिक समाज र अधिकारकर्मी बन्छन्, यस्ता दुईजिब्रेकै कारण कानुन व्यवस्था र सत्ताधारीहरू छाडा साँढे पल्टेका हुन् । देश खरानी बन्नुमा नेतृत्वमात्र होइन, यिनको पनि ठूलो हात रहेको छ । यी नागरिक समाजका ब्यक्तिहरू नेपालमा सघीयता, गणतन्त्र र धर्म निरपेक्ष ल्याउनको लागि बिदेशीको निर्देशनमा खडा गरीएका पात्रहरू हुन् । न यिनिहरूले देशको भलो गर्छन्, न जनताको आवाज सुन्छन् । भलो गर्ने भनेको बिदेशीको हो, राजनीतिक अपराधिकरणमा यिनको ठूलो हात रहेको छ ।

राजनीतिले कुन मार्ग लिन्छ, यतिबेला अन्योल छ । नागरिक समाज र अधिकारकर्मीमा अलिकति पनि ववेक छ भने, देश र जनता बोलुन् ।

# आफ्नै स्वराज जोगाउन जागरुक बनौं




स्वराज कि पराइराज ? हामी यही दोबाटोमा उभिन पुगेका छौं ।

०४६ सालपछि बहुदलले बाटो बिरायो, जनयुद्ध र जनआन्दोलन भयो । यसपछि आएको हो लोकतान्त्रिक गणतन्त्र । यो गणतन्त्रले पनि बाटो बिरायो । देश समस्याबाट संक्रमणकालमा पुगेको छ । यो संक्रमणको अन्त्य कसरी हुन्छ ? सबै अन्योलमा छन् । एकथरि फागुन २१ गते चुनाव हुन्छ, त्यसपछि राजनीति लिकमा आउँछ भनिरहेका छन् । अर्काथरि चुनाव हुनैसक्दैन, अराजकता बढ्छ, सैनिक शासन आउने बढी सम्भावना छ भनिरहेका छन् । यसको मूल कारण राजनीतिक दलहरू नै हुन् ।

जब प्रधानमन्त्री स्वयम् हेलिकोप्टर चढेर भागे, मन्त्रीहरू झण्डै मारिएनन् । सुरक्षानिकायले बचायो । कांग्रेस सभापति दम्पत्तिले कुटाइ खाए, अहिले सिंगापुरमा उपचार गरिरहेका छन् । खरवौं राष्ट्रिय र निजी सम्पत्ति, सम्पदाहरू खरानी भयो । यतिबेला देशमा न संविधान, न संसद, न पद्धति केही पनि छैन । अन्तरिम सरकार टप्केको छ, चुनाव घोषणा भएको छ । कांग्रेस अन्यौलमा छ, एमाले चुनाव हुनैसक्दैन, संसद पुनर्स्थापना हुनुपर्छ भनिरहेको छ । माओवादी संगठनबिस्तार गर्दैछ । अन्य पार्टीहरू दोधारमा छन्, नयाँ नयाँ पार्टीहरू खुल्न थालेका छन् ।

देश राजनीतिक अन्धकारमा छ । यो अन्धकार चिर्ने उज्यालो कुनै राजनीतिक दलले देखाउन सकेको छैन । सबै आआफ्नो स्वार्थअनुसारको डम्फु बजाइरहेका छन् ।

अर्थात्, देश कसैलाई दुखेको छैन । सबैलाई आआफ्नो स्वार्थ जोगिन्छ कि जोगिन्न भन्ने चिन्तामात्र छ ।

राजनीतिले बाटो बिराएपछि अस्तित्वको संकट आउने रहेछ, जनता आफैले आफ्नो रक्षा गर्नुपर्ने भयो ।

अव समय आयो, आमनागरिकले मोर्चा कस्ने । राजनीतिक दलहरू आ-आफ्नै स्वार्थमा केन्द्रित भएपछि, देश र जनता भर्सेलै परोस् भइरहेको छ । देश र जनताको हितमा उभिन नसक्ने राजनीतिक दलहरू जनताका, देशका अपराधी हुन् । यस्ता अपराधीलाई दण्ड दिने, सुधार्ने र देश र जनताको सेवामा प्रवृत्त गराउने जिम्मा अव जनताको काँधमा आएको छ । जब जब राजनीति आफ्नो पवित्र भावनाबाट भड्किन्छ, तव तव राजनीतिलाई सही मार्ग देखाउने जिम्मा आमनागरिकको हुन्छ । नागरिक जाग्ने यस्तै बेलामा हो ।

हिजोका दिनमा राजनीतिले जे जे निर्णय गर्‍यो जनताले मान्दै गए । सोझा जनताले सहदै गए । अव त राम्रो गर्लान् कि, अव त सुध्रेलान् कि, अव त समृद्धमार्गमा लाग्लान् कि, अव त कमिशन र भ्रष्टाचारबाट अलग बस्लान् कि, अव त सुशासन देलान् कि भन्दा भन्दै ३७ वर्ष बित्यो । राजनीतिमा लागेकाहरूले राजनीतिलाई व्यापार बनाए ।

जनता नै देश हो, देश नै जनता हो । नेताहरूले जतिसुकै आफूलाई अपरिहार्य ठाने पनि नेता देश होइनन्, देश हुन सकेनन् । देशका मार्गदर्शकसम्म पनि नेता भएनन् । नेपाली जनता, नेपाली परिवेश, प्रकृति, भूकारभित्र नेपाल छ । हामी यही आकारभित्र नेपाली छौं । हुन त भू एउटै छ, पृथ्वी एउटै छ, ब्रम्हाण्ड पनि एउटै छ । प्रकृति उही हो, हावापानी, माटो ढुंगा उस्तै उस्तै छ तर पनि सीमारेखा कोरिएको छ र देश देशको अस्तित्व छ । हाम्रो पहिचान नेपाल हो, हामी नेपाली हौं । नेपाल छ र, हामी नेपाली छौं । हाम्रो घर नेपाल हो । देश छ र ओत छ, पहिचान छ । आधार छ, आश र विश्वास पनि छ । ओढार नभए बाघ कहाँ बस्छ, गुँड नभए पन्छी कहाँ बस्ला ? गोठ नभए गाईबस्तुको बिजोग हुन्छ, घार नभए माहुरी हावामा बस्न सक्दैन । देश छ, घर छ र सबथोक छ । देश छैन त कङ्गाल, टुहुरो भइनेछ, देश लुटिनुजस्तो पराधीनता के हुनसक्छ ?

यसकारण देश मातृभूमि हो । सीमा कसैले मिच्यो, हाम्रो अधिकार कसैले हड्प्यो अथवा हामीमाथि पराईले राइँदाइँ गर्न खोज्यो भने हाम्रो रगत उम्लिन्छ । बिगतमा धेरै रगत उम्लियो, बर्तमान पनि युवा रगत उम्लिरहेको छ । रातो रातो रगत उम्लिनुपर्छ, यो घर, यो देश नेपालीको हो, नेपालीमाथि पराधीनता थोपरेको सहन सकिन्न ।

राजनीति किन पराधीन भइरहेछ ? २१ जिल्लाका ७१ स्थानमा नेपाली ६० हजार हेक्टर भूमि भारतले मिचिसकेछ । लिम्पियाधुरा, कालापानीको थप १० हजार १९ बर्गकिलोमिटर भूमि नक्साबाटै हरायो । खोज्ने सरकार, खोज्ने संसद, खोज्ने पार्टीहरू, नागरिक अभियन्ताहरू असफल भए । जो छन्, सबै मौन छन् । यो मौनता मृत्यु हो कि होइन ? यो मौनता पराधीनता हो कि होइन ? पराधीनता हो भने यस्तालाई हामी किन अगुवाको सम्मान दिइरहेछौं ? जसले मेची पढ्यो, महाकाली पढ्यो, उसले देश बुझ्यो । किल्ला काँगडा पढेपछि त उसले देश झन बुझ्यो । देश र जनता पढ्नसक्ने मान्छे, मधेस-पहाड-हिमाल पढ्ने व्यक्ति सच्चा देशभक्त हो । ऊ नै सार्वभौमिकताको मालिक हो, स्वाधीनताको पक्षधर हो । जो देशभक्त थिए, जो वीर थिए, तिनले कोरेको वीरगाथा, स्वाभिमानको आत्मगौरव यही हो । आजका हाम्रा नेताहरूमा, हाम्रा अगुवाहरूमा राष्ट्रवादको भावना, विचारमा शून्यता बढ्दै गएको छ । शून्य भाव, विचारलाई हामी महान ठानिरहेका छौं, त्यो कमजोर मानसिकता हो, हुतिहारा-लुते विचार हो । हामी हुतिहारलाई अपरिहार्य नठानौं अब ।

किनकि यिनले नयाँ पुस्तालाई इतिहासको गौरव सिकाउँदै सिकाएनन् । जो आफै गौरव गर्न सक्दैन, पराईसँग सधैं थुर थुर भएर बस्छ, लम्पसार बस्छ, पराईका लागि काम गर्छ, उसले वर्तमान र आउने पुस्तालाई देशभक्तिको शिक्षा दिनसक्दैन । गौरवमय इतिहास जीवित छ, इतिहास मार्ने यिनै बनेका छन् ।

नेपालका प्रत्येक नागरिक नेपाली सिपाही हुन् । सोल्जर । नेपालको अस्तित्व यिनै सिपाहीको काँधमा सुरक्षित हुनसक्छ । हो, आजका अगुवाले देशलाई, देशवासीलाई पीडा दिएका छन् तर निख्खर देशभक्त छन् र तिनले यो देशलाई हाँक्छन् । युवापुस्ताको धारलाई नहेपौं, यही धार हो, जसले देशको भविष्य निर्माण गर्छ । अस्तित्व बचाउँछ र देशभक्ति बढाउँछ । देशको पूजाभन्दा अर्को ठूलो पूजा छैन । माता, सिर्जना, देश हो । देशको र जनताको सेवामा अव नेपाली भावधारा छिप्पिनुपर्छ । जनताको मन जित्नेहरू, मत जित्नेहरूले देश र जनतालँई धोका दिए । प्रतिवद्धता भुले अनि पापकर्मतिर लागे । जनताको जयजयकार गर्न छाडेर विदेशीको जयजयकार गरे, जनता र देशको रगत जुका बनेर चुसिरहे । देशको माटो छोएर नेपाली जनजनले सपथ खाने बेला आएको छ, देशभक्ति त मर्दैन, चुत्थै देश भए पनि ।

व्यवस्था चलाउनेहरूको नियत सफा र चोखो हुनसकेन । व्यवस्था उत्तम भएर पनि कुशासन बढ्नुको कारण नेतृत्वमा नियत खोटो भएर हो ।

यस्तै खाले फुइँकीवालाहरू देशभक्तिलाई अन्धराष्ट्रवाद भन्छन् । अग्रगमनकारी राष्ट्रवाद पराईका पाउमा लम्पसार पर्नेहरूले देशभक्तिलाई अन्धो भन्नु यी आफैमा रतन्धो रोगग्रस्त भएर हो । हामीलाई विवेकशील, आत्मवोध गर्नसक्ने, संवेदनशील राजनीतिको खाँचो छ । हामी अग्रगमनमा लागेका छौं, अग्रगमन भनेको राष्ट्रिय नीति हुनुपर्छ, कुनै विदेशीको रातो किताव वा समाजवाद अग्रगमन हुनसक्दैन । अग्रगमनमा हाम्रै हिमाल, पहाड, तराईको जनजीवन हुनुपर्छ, त्यही जनजीवनले निर्देशित राजनीति हुनुपर्छ । जुन राजनीतिले देशको जीवनमा जिवन्तता भर्न सक्दैन, त्यस्तो सिद्धान्तमा चलेको राजनीति भनेको ढोङ् हो । वर्तमान कालखण्डमा हामी ढाङ्मा बाँचिरहेछौं ।

राष्ट्रवाद, देशभक्त हरेक व्यक्ति, पार्टी सबैले अंगिकार गर्नसक्छन् । गर्नुपर्छ । यो साझा लाभ, सर्वहितको कुरा हो । देश छ र हामी छौं भन्ने भावना हो । राष्ट्रवादलाई जो लाञ्छित गरिरहेका छन्, तिनीहरूको देशभक्ति प्रश्न चिन्हमा छ । देश छ र तिम्रा राजनीति चल्ने हो ।

देश र जनताका दुश्मनहरू ऐंजेरू बनेर देश कमजोर पारिरहेका छन् । यिनलाई हामी सबै मिलेर खबरदार गर्न सक्नुपर्छ । दुष्टलाई छुट दिएर आपसमा विभाजित छौं । अव देशभक्तहरू एकै श्वरमा मोर्चा बनेर लड्नुपर्छ । अव कि हामी बदलिनु पर्छ र देशघातकहरूलाई पन्छाउनुपर्छ । कि हाम्रा अगुवालाई बदल्न सक्नुनुपर्छ र देशहितमा उभिन बाध्य पार्नुपर्छ । अर्को बिकल्प छैन ।

# नेपालको भविष्य नेपाली आफैले लेख्नुपर्छ

नेपाल अहिले यस्तो मोडमा आइपुगेको छ, जहाँ सत्ता, विपक्ष, र विचारधारा सबै एकठाउँमा धुम्मिएका छन् । बाँचिरहेको छ केवल एउटा साँचो प्रतिपक्ष, जनता। राजनीतिक दल, संगठन, मोर्चा वा संघसंस्था जुनसुकै नाममा चले पनि, स्वार्थ, विदेशी प्रभाव, र सत्ता लोभको घेराभित्र ती सबै एउटै अनुहारका रूपान्तरण हुन् ।

प्रधानमन्त्री सुशीला कार्की र राष्ट्रपति रामचन्द्र पौडेलबीच शितल निवासमा भइरहेको छलफल यही सत्यको प्रमाण हो। विघटित प्रतिनिधि सभाका प्रतिनिधि र सबै दलका नेताहरू भेला भएर आसन्न मध्यावधि चुनावबारे छलफल गरिरहेका छन्, तर त्यो छलफल जनताको भविष्यका लागि होइन, आफ्नो अस्तित्व जोगाउनका लागि हो। फागुन २१ मा हुने भनिएको निर्वाचन एक राजनीतिक नाटक मात्र देखिन्छ, जहाँ भूमिकाहरू फेरिएका छन्, तर स्क्रिप्ट उही पुरानो छ ।

जेनजेड आन्दोलनले जनताको मौनता भङ्ग गर्‍यो। त्यसपछि प्रतिनिधि सभा विघटन भयो, नयाँ सत्ता संयोजन भयो, तर जनता फेरि बाहिरै रहिरहे । जनताका माग र नेताका मनबीच अब कुनै सम्बन्ध बाँकी छैन । जनताले देश खोजिरहेका छन्, नेताहरू पद र स्वार्थ । यही कारण नेपाल आज "रानो हराएको मौरी" जस्तो दिशाविहीन बनेको छ: आवाज छ, तर उद्देश्य हराएको ।

यो चरित्रगत पतन केवल वर्तमान दलहरूको कारण होइन। यो दशकौंदेखि भइरहेको राष्ट्रिय अस्मिताको क्षयको परिणाम हो । जब देशको राजनीतिमा विदेशी निर्देश, स्वार्थका ठेक्का र व्यक्तिकेन्द्रित सत्ता संस्कृतिको बोलबाला हुन्छ, तब राष्ट्रको आत्मा नै कमजोर हुन्छ। आज त्यो अवस्था नेपालमा चरममा पुगेको छ ।

पश्चिमी सोच, भारतीय नीति र विदेशी लगाममा बाँधिएका पात्रहरूले नेपालको राजनीतिक मेरूदण्ड भाँचिदिएका छन् । माओवादी आन्दोलनको नाममा जनतालाई जुन देशभक्ति र क्रान्तिकारी भावनाबाट उठाइएको थियो, त्यसलाई योजनाबद्धरूपमा विखण्डन गरियो । जनताको आक्रोश र प्रतिरोधबाट डराएर प्रचण्ड समूहले मोहन वैद्य 'किरण' समूहलाई छुट्यायो, ताकि असली क्रान्तिकारी स्वर विष्फोट हुन नपाओस् । त्यसपछि जब त्यो ढोंग पर्दाफास हुन थाल्यो, योजनाबद्ध रूपमा नेत्र विक्रम चन्द 'विप्लव' समूहलाई फुटाइयो। जब त्यो पनि निष्प्रभावी बनाइयो, धर्मेन्द्र बास्तोला समूह छुट्याइयो, नाटकको नयाँ दृश्य जस्तै । यसरी एकपछि अर्को फुट मार्फत देशभक्त जनताको मनबाट राष्ट्रिय निष्ठा क्रमश: सिथिल पारियो ।

विदेशी शक्तिहरूले यो प्रक्रियालाई नियाल्दै आफ्नो स्वार्थअनुसार नेतृत्व छनोट गर्दै गए। पश्चिमीले नेपालमा आफ्नो रणनीतिक प्रभाव विस्तार गर्नका लागि सधैं यस्तो नेतृत्व खोज्यो, जो कमजोर होस्, तर आदेशपालक। यही सन्दर्भमा पुष्पकमल दाहाल, शुशील कोइराला, शेरबहादुर देउवा र माधवकुमार नेपालजस्ता पात्रहरूलाई प्रयोग गरियो। उनीहरू नीतिबाट होइन, निर्भरता र निर्देशनबाट चले । जब परिस्थिति नियन्त्रणभन्दा बाहिर गयो, अनि जनता विकल्प खोज्न थाले, तब केपी शर्मा ओलीजस्तो आत्मनिर्णय गर्ने र विदेशी दबाब अस्वीकार गर्ने पात्रलाई अस्थायी रूपमा स्विकार गरियो र प्रधानमन्त्रीका लागि मानियो किनकि त्यसबेला उनीहरूसँग अर्को विकल्प थिएन ।

तर अहिलेको भू-राजनीतिक खेल अझ जटिल हुँदैछ । पश्चिमी रणनीति नेपालमा सफल हुनका लागि दुईवटा अवस्था चाहिन्छ, भारत कमजोर हुनुपर्छ, वा भारतले नेपालमा पश्चिमी स्वार्थलाई पूर्णत: आत्मसात गर्नुपर्छ। यही सन्दर्भमा नेपाललाई परीक्षण भूमि बनाइँदैछ । देशका प्राय: सबै दल र नेताहरू अब एउटै शक्ति केन्द्रका प्यादाहरू बनेका छन्, जसको साझा लक्ष्य नेपाली भू-भागलाई चीनविरोधी भू-राजनीतिक पिँजडामा प्रयोग गर्नु हो ।

राजा ज्ञानेन्द्र अहिले नेपालभित्र देखिएका अन्तिम प्रतिपक्षी पात्र हुन्, जो स्पष्ट रूपमा विदेशी दबाब र सेरेमोनियल भूमिकाको विरोधमा उभिएका छन् । उनले खुलेरै भनेका छन् "म मरेपनि सेरेमोनियल हुँदिन, देशसँग घात गर्दिन ।" यस्तो अडान नै उनको देशभक्ति हो,


प्रेम सागर पौडेल

र यही कारण उनी अब पश्चिमी शक्तिहरूको अर्को टार्गेट बन्नसक्छन् ।

राजनीतिका बाँकी सबै पात्रहरू, जति फरक-फरक रूप र नारामा प्रस्तुत भए पनि, एउटै बाह्य निर्देशनमा नाचिरहेका छन् । देशभित्र अहिले चलिरहेको सबै नाटकको अन्तिम उद्देश्य एउटै छ, नेपाललाई चीनविरोधी सिमानामा उभ्याउने र त्यसको माध्यमबाट दक्षिण एशियामा पश्चिमी प्रभाव सुदृढ पार्ने । तर भौगोलिक, सांस्कृतिक र भाषिक यथार्थ यस्तो छ कि नेपालमा हुने देशविरोधी कार्य ९५ प्रतिशत असर भारतमा र ५ प्रतिशत मात्र चीनमा पुग्छ। यो तथ्य पश्चिमीलाई थाहा छ र नेपाल अहिले प्रयोगशालाको रूपमा प्रयोग भइरहेको छ ।

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# नेपालमा शाहबंशले कति हालीमुहाली गरे ?

**स्वयम्भुनाथ कार्की**



जंगबहादुरले स्थापना गरेको राणा शासन एकसय चार बर्षसम्म थपनाको राजा थापेरै कायम राखिएको थियो । राणा शासनको अन्त्य पछि नेपाली कांग्रेसले फेरी राजालाई थपना नै राख्न चाह्यो । यो कुरा पाच बर्षमै राजा भएका त्रिभुवनको निमित्त सामान्य नै थियो । तर, संभवत महेन्द्रलाई पाच्य भएन । नेपालमा देशको सम्पुर्ण वागडोर आफ्नो हातमा लिएर सत्ता चलाउने शाह वंशीय राजा केवल चार बटा मात्र भए । दुई हजार त्रीसठ्ठी सालबाट राजालाई पाखा लगाउने अभियान शुरू भएर मुलुक गणतन्त्र घोषित भएको छ ।

नेपालको एकिकरणको नेतृत्व गर्ने पृथ्वि नारायण शाहले आफ्नो सम्पुर्ण कार्यकाल भरि नै आफ्नै हातमा शासनको वागडोर राखे । उनको कार्यकालको सबैजसो हिस्सा एकिकरण अभियानमा नै खर्च भयो । तथापि आगामी शासकको निमित्त मार्ग दर्शनको रूपमा केहि उपदेश छोडेर गए । उनको आत्मकथा शैलीमा टिपेर प्रकाशमा आएको दिव्य उपदेशले धेरै कुरा भन्छ । तर देशको एकिकरण नै शोषक तथा सामन्ति कदम थियो भनेर भन्न उत्प्रेरित गर्ने अहिलेका हालीमुहाली गर्ने दलहरूको दृष्टिकोणले गर्दा कुनै भुभाग नेपाल नै होईन नेपालले उपनिवेश बनाएको भन्ने आवजहरू बाक्लिन थालेका छन । यही क्रम रहने हो भने नेपाल अखण्ड रहोस भन्नेहरू दण्डित हुने अवस्था हुन सक्छ ।

बडामहाराजले जितेको वा एकिकरण जे भने पनि गरेको नेपालमा उनका सन्तानहरूले नेपालमा कति हालीमुहाली गरे त्यो रोचक छ । पृथ्वि नारायण शाहका छोरा प्रताप सिंह शाहले केवल दुई बर्ष सत्ता सम्हाले र आफ्नो हातमा शासनको वागडोर राख्ने दोश्रा शाहवंशिय राजा भए । दुई बर्षका काखे बालकलाई थपना राखेर आफु संसारबाट बिदा लिए । यो नै नेपालमा शिशुराजाको आरम्भ थियो । राजमाताको नाममा राजेन्द्र लक्ष्मी र काका बहादुर शाहले नै राजाको नाममा वास्तविक सत्ता सम्हाले । यो आलंकारिक राजाको पनि शुरूवात थियो । गिर्वाणयुद्ध विक्रम शाह पनि सानैमा राजा भए । बालक राजाको थपना राखेर भिमसेन थापाले लामो समयसम्म मुलुकमा हाली मुहाली चलाए । राजपरिवार भन्दा बाहिरका भएर पनि मुलुकमा हालीमुहाली चलाउने उनि पहिला व्यक्ति हुन पुगे ।

त्यस पछि राजेन्द्र विक्रम शाहले पनि सानैमा राजाहुने परंपरा थामे । आफुले त आफ्नो करिब एकतीस बर्षिय कार्यकालमा बागडोर लिन सकेनन् । श्रीमतीलाई शासन सुम्पिन पुगे । उनकै कार्यकालमा नेपालको ईतिहासमा थापा र पाण्डेको आपसी कलहले मुलुक नै हल्लाउन पुग्यो । भिमसेन थापा, रण जंग पाण्डे, माथवर सिंह थापाहरू रानी राज्य लक्ष्मीलाई रिझाएर सत्ताको बागडोर आफ्नो वरीपरी राख्न सफल भए । रानीको आज्ञाले आफ्नो मामालाई गोली ठोकेर जंगबहादुरले आगामी शताव्दिसम्मको राणा शासनको जग हाले ।

आफ्ना बाबुलाई सत्ता छोडन लगाएर सोह्र बर्षैमा शासन समाल्ने सुरेन्द्र विक्रम शाह पनि किशोरावस्था मै राजा भएका हुन । किशोर राजा रिझाएर आफ्नो निमित्त श्री ३ को पदवि सहित महाराज भनाउन सफल हुन जंगबहादुर राणाको निमित्त कुनै कठिन काम थिएन । युवराज त्रैलोक्य विक्रम शाह जवान भई सकेका थिए । पकडमा राख्न आफ्नो भाईको छोरीहरूसंग बिवाह गराउदा पनि उनलाई अचेट्न जंगवहादुरलाई हम्मेहम्मे परेको थियो । तर गद्धिमा चढन भन्दा पहिल्यै भएको उनको शंकास्पद मृत्युले राणा शासनको जग मजबुत गऱ्यो भने रणबहादुर शाहदेखी आरंम्भ भएको थपना राजतन्त्रबाट शाहवंश मुक्त हुन पाएन ।

त्यस पछिका पृथ्वि वीर विक्रम शाह तथा त्रिभुवन विर विक्रम शाह शिशु राजा नै भए । तर हजुर बुबा त्रैलोक्य विक्रमको सोच त्रिभुवनमा आउँदा थपना राजा हुनुले उनको मन पोलेको हुनुपर्दछ । उनि राणाको चंगुलबाट मुक्त हुन चाहे, त्यसको निमित्त कोशिस गरे अनि सफल पनि भए । उनको यो सफलतामा लुकेरै भएको भए पनि भएको जनतासंगको सम्पर्कको महत्व छ । त्रिभुवनलाई राजकाज भन्दा राणाहरूको अपमानबाट फुत्कन जुन मोल पनि चुकाउन तैयार थिए ।

युवा महेन्द्र विर विक्रम शाहले गद्धि समाल्दा मुलुक संक्रमण कालमा थियो । छ बर्षको दलहरूको खिचातनी पछि आफ्नो हातमा मुलुकको वागडोर लिन उनि सफल भए । त्यस पछिका एघार बर्षको शासन कालमा मुलुकको अन्तरराष्ट्रिय चिनारी, देशमा औद्योगीकिकरण, र विकासका पुर्वाधार बनाउने जस्ता काम आज कसैलाई मन परे पनि नपरे पनि भएका छन ।

युवा विरेन्द्र विर विक्रम शाहले आफ्नै स्वेच्छाले वागडोर आफ्नो हातमा राखेनन् । पूर्वार्धमा रानी ऐश्वर्यको हातमा र उत्तरार्धमा संवैधानिक राजा भएर दलको हातमा शासन सुम्पन पुगे । उनले बुवा राजा महेन्द्र भन्दा मान खाएर काम नगरी बस्न पाउने रानी एलिजावेथ पछ्याउन उपयुक्त माने । उनको शासनकाल सकृय राजतन्त्रको युग भनिएको २०२८ देखि २०४७ सालसम्म ऐश्वर्यको शासनमा प्रत्यक्ष हाली मुहाली देख्नेहरू जीवितै छन । उनको हत्या भए पछि राजा भएका ज्ञानेन्द्र विर विक्रम शाह शाहवंशमा दोश्रा माहिला छोरा गद्धि चढने राजा हुन् । आफ्नो शासनको उत्तरार्धमा पुग नपुग दुई बर्ष मुलुकको बगडोर आफ्नो हातमा माने ।

यसरी राजाहरूले आफैले सत्ताको बागडोर थामेको जम्मा चौबीस बर्ष मात्र हो । राज परिवारका सदस्यहरू समेतले वागडोर थामेको गणणा गर्ने हो भने पैसठ्ठी बर्ष ईतिहासले देखाउँछ । बाकी एकसय पचहत्तर बर्षको हिसाब पनि अहिलेका अगुवाले खोज्नु नै पर्दछ ।




## समस्याको जरो किलो







# ड्याससमूह र क्यास कुरा




०६९ फागुन २३ गते भएको भारतीय हस्तक्षेपलाई मूल मुद्दा बनाएर घोषणा गरेको नेपाल बन्दको कार्यक्रम अभूतपूर्व रूपमा अत्यन्तै जनप्रीय र आत्मीयताका साथ सफल भयो । सबै तह र तप्काका जनताले स्वत:स्फुर्त रूपमा सहयोग गरेर क्यासवालाहरूले करोडौं खर्च गरेर गर्ने काम ड्यासवालाहरूले मुफ्तमा जनसमर्थनका आधारमा सम्पन्न गरिदेखाए । त्यसवेला जनताको मुखबाट विदेशी डाक्टरभन्दा स्वदेशी वैद्य राम्रो भनेर अभिव्यक्ति दिइरहेको सुनियो । त्यसैवेला विदेशी डाक्टरहरू ५० लाख बढी भारतीयलाई अरू नागरिकता दिने र आर्मीमा ढुकाउने अनि अनागरिकलाई मतदाता सूचीमा समावेश गराउने गरी सहमति गर्दै गरेका खबरहरू जनसमक्ष आइरहेका थिए । यस आन्दोलनले गणतन्त्रमा पनि राष्ट्रवादी पार्टी हुँदोरहेछ भन्ने जनमानसलाई एउटा अपवादको अनुभूति दियो । विदेशी हस्तक्षेप विरूद्धको राष्ट्रवादी युद्धको शंखनाद र समुद्घाटन पनि गऱ्यो भन्ने राष्ट्रिय अनुभूति पनि दिलाएको छ । यो जनआन्दोलन अरू कुनै आक्रोसित तप्काबाट अचानक आउनुभन्दा देशको एउटा सुसंगठित राष्ट्रिय पार्टीबाटै आउनु उत्तम पनि मानिएको छ ।

नेकपा-माओवादीले श्रीगणेश गरेको विदेशी हस्तक्षेपविरूद्धको राष्ट्रवादी जनयुद्ध अत्यन्तै समय सान्दर्भिक र अनिवार्य भएको कुरा सर्वत्र महसुस गरिएको छ । तर, त्यसलाई राष्ट्रवादी प्रजातान्त्रिक मूलधारबाट छुट्याएर निरङ्कूश उग्रवादी कम्युनिष्ट आन्दोलन भनेर एक्लो बृहस्पति झूठा गराउने र पेल्ने, पेलाउने भारतीय रणनीतिबाट यस पार्टीलाई र आन्दोलनलाई जोगाउन प्राथमिकताका साथ नेपालका अरू राष्ट्रवादी पार्टीहरू र सबै तह, तप्काका नागरिकहरू एकै ठाउँ गोलबन्द हुन अति आवश्यक हुनगएको छ । अहिलेको अवस्थामा कुनै पनि पार्टीले कट्टर सिद्धान्तवादी भएर होइन, व्यवहारिकवादी भएर 'देश बचाऔं' आन्दोलनमा एकमुष्ट रूपमा होमिनु पर्दछ । पर्यवेक्षकीय दृष्टिकोणले हेर्दा अहिले तत्काललाई मोटामोटी तीनदल संयुक्त रूपमा आन्दोलनमा होमिनु योग्य देखिएका छन् जसलाई जनताले 'थ्री के' किरण, कमल, केसी अर्थात मोहन वैद्य किरण, राप्रपाका कमल थापा, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी भनेर संवोधन गर्न सक्नेछन् । यो त्रीपक्षीय गठबन्धन पछि थपिने अरू पार्टी र स्वतन्त्र राष्ट्रवादी जनता र बुद्धिजीवीहरूको भललाई समेट्तै लैजानु पर्दछ । यहाँनेर उल्लेखनीय विषय के छ कि नेपालीहरूको दुराशय अनन्त आत्मीय मित्र भारतीय जनताप्रति कदापि होइन र कहिले हुँदैन पनि । भारतीय जनतासँगको नेपालीहरूको भौगोलिक निकटता, धार्मिक, सांस्कृतिक एकता र रोटी र बेटीको विशेष सम्बन्ध छ । त्यो विशेष सम्बन्धलाई विशिष्ट सम्बन्धमा स्तरोन्नति गर्ने नेपाली जनताको उत्कण्ठा, अभिलाषा छ । त्यस्तो पवित्र भावनालाई अनादर गर्ने, हेप्ने, अस्तित्व मेटाउने भारत सरकार, भारतीय खुफिया संगठन र कूटनीतिक निकायका विरूद्धमा जेहाद नछेडे अव चाँडै भारत सरकारले नेपाल राष्ट्र र नेपाली जनताको अस्तित्व मेटाउन सुरू गरेको छद्म आक्रमण लगभग अन्तिम अवस्थामा पुगिसकेको हुँदा नेपालीले भारत सरकार विरूद्ध आत्मरक्षाका लागि नउत्रिए नेपाल राज्य र नेपाली जनता अस्तित्व, राज्य र पहिचानविहीन हुने निश्चित भयो । त्यसैले देहायका विषयमा भारतसँग मतभेद स्पष्ट गरी प्रतिरोध गर्न बाञ्छित भएको छ, मजबुरी भएको छ । नेपालीहरूको आत्मरक्षाको स्वभाविक भाव जागृत भएर आएको छ । अन्तर्राष्ट्रिय जगतको पनि न्यायिक र विवेकशील निष्कर्ष आउनु पर्दछ ।

१) भारत सरकारले नेपालप्रति उपनिवेशिक मनस्थिति त्याग्नुपर्दछ । दैनिक हस्तक्षेप र द्वैधशासन रोक्नुपर्दछ । दुईपक्षीय सम्बन्ध पञ्चशीलको आधारमा लागूगर्नुपर्दछ तथा पूर्णत: नेपालप्रति नयाँ तथा सुफत नीति लागू गर्नुपर्दछ । नेपालको शासन नेपालीकै जिम्मा छाड्नु पर्दछ । नेपालमा सबै आदिवासी नेपाली नागरिकहरूलाई मात्र समावेशी अधिकार दिइनुपर्दछ ।

२) १९५० को सन्धि तहत नेपालमा पटक पटक जोरजुलुम, करकापमा पारेर केही नेपाली तथा भारतीय मधेसेका सात्म्यता (समान स्वरूप) को दुरूपयोग गरी लिएका भारतीयका नेपाली नागरिकता खारेज गरिनु पर्दछ, उनीहरूलाई भारतका आ-आफ्नै प्रान्तमा पुन:स्थापित गर्नुपर्दछ । राज्यविहीन बनाएर आफ्नै जनतालाई विदेश (नेपाल) लखेट्न पाइदैन । न त कमजोर राज्य नेपाललाई दबाएर नागरिकता दिलाउनु नै नैतिक तथा न्यायिक ठहर्दछ । नेपालमा भारतीयलाई अत्याधिक नागरिकता दिलाएर आन्तरिक तथा बाह्य शक्तिको दुरूपयोग गरेर नेपाललाई नेपालमै अल्पमतमा पारेर फिजीकरण वा सिक्किमीकरण गराउने भारतीय सकुनी कपटी युद्धको भण्डाफोर तथा विश्वजाहेर भइसकेको छ । अत: केही समयका लागि अन्तरिम उपायस्वरूप त्यस्ता भारतीय नागरिकतालाई वर्क परिमिटमा परिणत गर्ने र तिनको रखेदेख पालनपोषण गर्न भारत सरकारले तीन खर्व जति रूपैयाँको छुट्टै मार्शल प्लान दिनुपर्दछ । भारतीय मधेसे र नेपाली मधेसेको छिनोफानो उनीहरूको सातपुस्ते छानबिनद्वारा हुनुपर्दछ । भारतीयले भारतीय नागरिकता त्यागेको प्रमाण अनिवार्य पेश गर्नुपर्दछ, द्वैध नागरिकताको अन्त्य हुनुपर्दछ । तस्करी नागरिक प्रथाको अन्त्य हुनुपर्दछ ।

३) असमान सन्धिहरूका सम्बन्धमा सन १९५० देखि बिप्पासम्मका यावत एकतर्फी, असमान, भारतीय हित र मुनाफा, नेपालको अहित र ठूलठूला घाटा हुने गरी भय, प्रलोभन र बिचौला दलाल खडा गरेर गरिएका सबै सन्धि-सम्झौताहरू पुनरावलोकन वा खारेज गरिनुपर्दछ । त्यस्ता सन्धि-सम्झौता पुन:गरिदा अन्तर्राष्ट्रिय अभ्यास र कानुन बमोजिम दुबै पक्षको हितपूर्ण रूपमा संरक्षित एवम् प्रत्याभूत हुनेगरी आवधिक पुनरावलोकन एवम् संशोधन हुनसक्ने गरी गर्नुपर्दछ । यस्ता सम्झौताहरू गर्दा स्वदेशी तथा विदेशी विज्ञ तथा कानुनवेत्ताको सहभागितामा गरिनु उपयुक्त हुन्छ र राष्ट्रसंघजस्ता अन्तर्राष्ट्रिय दायित्ववान संस्थाहरूबाट अनुमोदन गरिनुपर्दछ ।

४) जल, जमिन, जंगल, खानी आदिमा भएका हालका सबै असमान सन्धिहरू खारेज गरिनुपर्दछ । पानी, खानी, जंगल, जमिनमा सर्वप्रथम नेपाली अनादि आदिवासी जाति, जनजातिको हकअधिकार कायम गरिदिनु पर्दछ । जल वा जुनसुकै प्राकृतिक श्रोतमा नेपाल सरकार तथा नेपाली नागरिकको प्राचीन तथा नैसर्गिक अधिकार अतर्निहित अग्राधिकार कायम हुनुपर्दछ । उपरतटीय तथा जल उत्पादन मुहान वा उद्गम स्थलीय राज्यका हैसियतले नेपाललाई जलस्वामी घोषित गरी जलसम्पदा सुरक्षामा अन्तर्राष्ट्रिय ग्यारेन्टी हुनुपर्दछ । पानी, बिजुली दुबैमा नेपालको अग्राधिकार साथ निकासीयोग्य व्यापारिक बस्तु घोषित गरिनुपर्दछ । जल तथा विद्युतको परिमाण वा युनिटमा मूल्यांकन गरी कर, भन्सार अथवा अन्तशुल्क लिने र निकासी गर्ने व्यवस्था हुनुपर्दछ । नेपालमा बन्ने भनिएका भारतीय उच्चबाँधहरूको बारेमा यो विषय भारत सरकार र नेपालका भारतीय दलालहरूबीच गुपचुप साँठगाँठ गरेर तुरून्तै सिध्याइहाल्ने विषय होइन । नेपाल र नेपाली जनतासँग जीवनमरणको सवाल दीर्घकालसम्म गाँसिएको, मानव तथा प्राकृतिक अधिकार पर्यावरण, वन, वनस्पति, जीवजन्तु, चराचुङ्गी, निजी तथा सरकारी जग्गा जोमन, दैवीप्रकोप, युद्ध, दुर्घटना तथा अन्य क्षति समेत गाँसिएको अन्तर्राष्ट्रिय प्रत्यक्ष सरोकार तथा संलग्नताको विषय हो । त्यसैले भारत सरकार-नेपाल सरकारलाई किन नेपालमा बन्नुपऱ्यो ? यस सम्बन्धमा असर समेत स्पष्ट हुनेगरी एउटा संयुक्त स्वेतपत्र जारी गरी नेपाली जनतालाई सुसूचित गर्नुपर्दछ । जबरजस्ती गर्ने, विरोध भए फौजी कारवाही गर्ने, नेपाली मार्ने, नेपाल सरकारबाट क्षतिपूर्ति भराउने योजना अहिलेदेखि नै नबनाउनु भारत सरकारले ।

५) सिमाना सम्बन्धमा भारत सरकारले नेपाल-भारतका साविक अन्तर्राष्ट्रिय सिमानाबाट धमाधम जंगे पिलर गायव गर्ने, नेपाल सरहदभित्रै पसेर सिमाना सार्ने, 'स्ट्रिप म्याप' नयाँ कीर्ते सीमा नक्सा बनाउने काम धमाधम गरिरहेको छ । त्यसमा नेपाली जनताको ठूलो आपत्ति र बिरोध रहेको छ । यस सीमा विवादमा बिनाशर्त भारत सरकार सन १९५० को पूर्वअवस्थामा जानु पर्दछ ।

६) पहिलेदेखि पूर्व मेची तथा पश्चिम महाकालीसम्म तराईको शीर र पहाडको फेदमा पूर्वपश्चिम तराई राजकूलोको जमर्को गरेको हो । त्यसपछिको यस योजनालाइ गर्भमै तुहाइदियो । यसैबीचमा भारतले यस नेपाली राजकूलोको योजना भाँड्नका लागि भारतमा नदी जडान योजना ल्याइदिएर सौता हालिदियो । आजको भयाक्रान्ति परिवेशले मेची-महाकाली राजकूलोलाई नेपालीहरूको बिस्मृतिपटमा धकेलिदियो । तथापि यो योजना तराईवासीको कृषि सिंचाइ, अन्न उत्पादन, पेयजलको लागि जीवन मरणको सवाल भएको हुँदा यस तराई राजकूलोलाई भारत सरकारले अग्राधिकार घोषित गरी अन्य आवश्यक सहयोग समेत पुऱ्याउनु पर्दछ । अवरोध खडा गर्नु हुँदैन । नेपाल सरकारले पनि आफ्नो नीति तथा कार्यक्रम तुरून्त घोषणा गर्नुपर्दछ ।

# Want to Defeat the Old Guards¿

**Gen Z Mentors Should Quit Playing the Cult Politics of the Past in Favor of a United Front. The question is not whether the Gen Z generation should take the mantle — but whether they can work together to earn it.**

**Dr. Alok K. Bohara**




Prelude

Benjamin Franklin's remark during the Constitutional Convention of 1787 on the preservation of liberty is often paraphrased as, "A republic — if you can keep it." It aptly reflects what has just happened in Nepal, where the forebearers of the Republic came perilously close to seeing it slip away as the country plunged into a leadership vacuum for four days following the Gen Z unrest.

At least for now, the "mantle" has been temporarily freed from the grip of capture politics of three decades — thanks to the Gen Z movement and their sacrifices. The question now before the well-wishers, mentors, and aspiring new politicians is this: can you take the mantle¿

Not if you fall back into splintered, personality-driven politics — and fail to come together under a united front. The problem was not the protest itself, but what it revealed —the institutional guardrails that failed.

The Moment of Reckoning

Everyone is asking of Gen Z — what next, now that the structure of collusion politics has fallen with the dissolution of the House¿ It is indeed a big victory for the spirit of the Gen Z movement, as everyone is now asked to seek a new mandate from the citizen. Internal turmoil and leadership challenges within each party are also a testament to that effect — a sign of constructive destruction, perhaps.

And yet, the only logical step would be to fill the vacant space with their electoral challenge. This is where the real test lies: will the new Gen Z forces, including their well-wishers and mentors, come together, organize, and put up a united front to dislodge the old order and take the mantle¿

Not if they remain disorganized, scattered, disillusioned — and above all, trapped in the same culture of cult politics instead of collaboration. The mantle, if transferred successfully into the hands of the new revolutionaries, can finally help Nepal land on the much-eluded middle corridor of liberal democracy.

Yes, we know — there is much riding on this, and the expectations of the people after the rather costly uprising are very high. In this essay, we will look at how the torch meant to light the middle corridor was taken and passed down the line over the last three decades — and how, each time, it failed to land where it was supposed to: in the middle corridor of liberal democracy, away from both despotism and fragmentation.

This moment, therefore, demands not a messiah but a mechanism — a set of institutional scaffolds strong enough to withstand future crises and tumultuous outbursts.

To understand this, let us look at the past three decades of our democratic experiment and how it handled the hard-earned mantle of liberty.

The Passing of the Mantle

When Girija Prasad Koirala took the mantle from King Birendra in 1990, Nepal entered a new era of multiparty democracy. His role in steering that transition and institutionalizing the new order remains undeniable. Yet, as he consolidated power and navigated the turbulent early years of democracy, the party began to fracture from within. The democracy he fought for never fully addressed the deeper questions of inclusion, minority rights, and economic equality and access, nor did the fruits of that struggle reach the hopeful citizens. Over time, a strong concentration of authority in his hands created discontent within the party and beyond. Despite his historic contribution, the system he helped build gradually slipped into a culture of corruption, patronage, and factionalism — cementing what later became a model of the extraction–control nexus. A feudal style of democratic order took root, while the promise of a liberal democracy remained largely unfulfilled.

Then came Prachanda, waging an insurgency for ethnic rights and for social, economic, and political equality and access. A decade later, he succeeded in taking the mantle from Girija and became prime minister. But what many consider his ambition to capture the state and the army quickly failed, as the resolute President Ram Baran Yadav stood firm. Republicanism and a new constitution followed, where a proportional system gave many smaller voices space in both government and parliament.

The scenario became clear that no single party or leader could grab power alone — they had to share it with other smaller parties. Then the three leaders — Deuba, Prachanda, and Oli — devised a collusive system and began taking turns capturing power, virtually abdicating any meaningful opposition role in parliament — a basic tenet of a healthy democratic system. The middle corridor of liberal democracy was never given a chance to take hold; instead, a feudal, capture-driven democracy thrived.

In all of these maneuverings, everything began to be divided three ways, including all major posts in the government, academic institutions, judicial bodies, and anti-corruption agencies. A collusive political Leviathan had emerged, even as the federal democratic order was in full swing.

The mantle now changed hands among the three. The very essence and hope of the people in 1990 — and a decade later — of building a middle corridor of democracy remained unrealized. The mantle that was passed on from Birendra to Girija, to Prachanda, and then to the three — Deuba, Prachanda, and Oli — was never planted in that middle corridor. The question now is whether the Gen Z spirit can take that mantle and begin the long-overdue task of building the middle corridor of democracy.

The Gen Z Dilemma

As of this moment, there are seventeen new parties registered for the upcoming election. But the cautionary tale people are watching is how the elevated personalities of the Gen Z's aspirational landscape are going to enter this drama — Rabi, Balen, Kulman, and some of the side players like Sagar Dhakal, Suman Shrestha, and even Sudan Gurung. There are also a few enclaves of Gen Z themselves positioning on the field.

Given the social media chatter, side talks, and the bravado-filled, grandiose online posturing, the signs are not encouraging. Instead of a united front under one umbrella, the emerging trend looks more like ego-driven splashes for momentary fame than selfless acts of purposeful alliance. Harka Sampang's quick party registration — and similar moves by others in the Gen Z circle — are not signs of a unifying arc but rather a craving for individual political space. At least, many wonder!

Lessons from Other Transitions

If the history and experience of other countries are of any help, Nepal's new generation should take lessons from the post–Soviet Union transformations that unfolded around the same time as its own democratic transition in the 1990s. Countries like Poland, Estonia, as well as the Czech Republic and Slovenia, after some struggle, managed to build essential institutional guardrails, market reforms, and transparency — and are still following a vigilant approach to their democratic paths.

In contrast, a country like Ukraine took the path of chaos, corruption, and eventual collapse, while Russia followed the despotic route. As noted in my recent essay — and closer to home — Sri Lanka's example offers a useful lesson. When its political crisis reached a breaking point, the reformist and opposition forces banded together under a unified platform, rebranding themselves into a more conventional social-democrat–style alliance. Through this pragmatic repositioning, they formed a broad coalition that ultimately defeated the entrenched regime and broke the Rajapaksa family's long grip on power.

Will the players of post–Gen Z Nepal pause, look around, and embrace such lessons — or keep marching on in search of limelight and momentary fame¿

The Moral Call

As we have often heard the popular phrase — an alternative to democracy is more democracy — it remains as true today as it was decades ago when Winston Churchill so eloquently articulated that sentiment.

The mantle of the nation has been taken away from the old guards — at least momentarily — but the question is whether the new emerging forces, with the Gen Z spirit, can organize themselves and take it back. It is there for them to take, or at least to be part of the team holding it — but only if they are willing to let go of their egos and rally behind a common goal: to defeat the old guards, take the mantle, and plant it squarely on the middle corridor.

Many capable leaders failed or chose not to do so, and what emerged instead was a feudal order disguised in the cloak of democracy. Will the new generation rise to the occasion and grab that mantle through collective effort — or lust for it in anticipation of personal glory and fame¿

# Building Beyond 65 Years - Nepal and Australia expand a growing partnership

**Sharachchandra Bhandary**




Kathmandu, Nov 11: In an increasingly interconnected world where diplomacy, development cooperation, and international partnerships define global progress, bilateral relationships built on mutual trust, shared values, and collaborative aspirations have become more important than ever.

For a Least Developed Country (LDC) like Nepal—aspiring to graduate from LDC status but still facing deep structural challenges—international cooperation remains indispensable.

Recent events, including the Gen Z Movement, have resulted in a colossal loss of physical infrastructure and public property, placing additional strain on Nepal's fragile economy. As Nepal works toward recovery, stability, and long-term resilience, it urgently requires enhanced external support from its development partners—both in cash and in kind. In this context, Nepal's enduring friendship with Australia stands out as a model of meaningful, consistent, and impactful engagement spanning more than six decades.

Australia will mark a historic moment this Saturday as Ambassador Leann Johnston is all set to host a reception in Kathmandu to commemorate 65 years of diplomatic relations between Australia and Nepal. Formally established in 1960, the bilateral relationship has evolved into one of Nepal's most dynamic and multidimensional foreign partnerships, shaped by cooperation in development, governance, climate resilience, education, trade, and people-to-people ties.

Over the decades, Nepal and Australia have strengthened their partnership through major diplomatic engagements. In February 2024, Foreign Minister Narayan Prakash Saud became the first Nepali foreign minister since 2016 to visit Australia, holding talks with Foreign Minister Penny Wong and signing the landmark Trade and Investment Framework Arrangement (TIFA), expected to boost bilateral economic cooperation. In 2023, Assistant Foreign Minister Tim Watts visited Kathmandu—the first Australian ministerial visit in nearly four decades—signaling renewed momentum in political dialogue. Parliamentary exchanges between the two nations have also facilitated learning in federal governance, lawmaking, and institutional reform.

At the heart of this relationship lies one of the most vibrant Nepali diaspora in the world. As per the information released by the Australian government, as of 2022, an estimated 151,000 Nepal-born individuals were living in Australia, making them one of the country's fastest-growing migrant communities. In 2023 alone, more than 62,000 Nepali students were enrolled in Australian institutions, placing Nepal among the top three sources of international students. This community has enriched Australia's multicultural fabric while contributing nearly US$466 million annually in remittances back to Nepal. Organizations such as NRNA Australia and FeNCAA have played instrumental roles in cultural preservation, welfare, and investment mobilization.

The Ministry of Foreign Affairs has stated that economic engagement between the two countries has expanded significantly. Two-way trade reached US$3.9 billion in FY 2022–23, making Nepal Australia's third-largest trading partner in South Asia.

Education services dominate Australian exports at US$3.4 billion, while Nepal's exports—valued at US$16 million—primarily include carpets, jewellery, and cereals. Australian goods exports to Nepal have grown at an annual rate of 19% over the past five years, and Australia was Nepal's sixth-largest foreign investor in FY 2021–22, contributing to 79 industries and creating more than 2,300 jobs.

According to the Embassy of Nepal in Canberra, Nepal exported goods worth AUD 16 million to Australia in FY 2022–23 and imported goods worth AUD 186 million, reflecting a persistent trade imbalance. With the introduction of TIFA and the establishment of a Business Advisory Group at the Australian Embassy in Kathmandu, both sides expect expanded opportunities in trade and investment.

Australia has remained a significant development partner, providing US$27.2 million in Official Development Assistance in 2023–24. Support is focused on governance reform, federal transition, climate resilience, gender equality, social inclusion, humanitarian assistance, and mountain ecosystem protection. Major initiatives include the Subnational Governance Program (SNGP), assistance to ICIMOD for climate resilience in the Himalayas, and more than 40 NGO-led projects across health, education, livelihoods, disability, and rural development. Over 1,000 Australia Awards alumni now serve in key leadership positions across Nepal. Australia has also supported Nepal's water governance through a Memorandum of Understanding on river-basin planning and the water–energy nexus. Given Nepal's current financial constraints, its post-protest reconstruction needs, and its long-term development aspirations, Australia's support remains timely and vital.

Both countries share common commitments to democratic values, human rights, the rule of law, and a rules-based Indo-Pacific order. Their cooperation extends to transitional justice, refugee protection, and multilateral diplomacy. Australia continues to see Nepal as an important partner in promoting a free, open, and stable Indo-Pacific region.

As Ambassador Johnston welcomes diplomats, policymakers, scholars, and members of the Nepali-Australian community this Saturday, the event will celebrate not just a diplomatic anniversary but a 65-year journey of trust, cooperation, and shared aspirations. For Nepal—still rebuilding, still striving for stability, and still working toward LDC graduation—Australia's friendship carries profound significance. This milestone reflects a bilateral relationship that is culturally rich, economically promising, diplomatically resilient, and rooted in the enduring goodwill of its people.

Mr. Bhandary serves as Executive Editor at the official news agency of Nepal (RSS)

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# इतिहासमा राजा राजेन्द्रविक्रम



डा. शास्त्रदत्त पन्त

*इतिहासका राजनीतिक घटनाक्रम..*

राजा राजेन्द्र आफ्नै परिवारमा रमाउन थालेका थिए। छोरा र श्रीमतीलाई अधिकार सन्तुलन गर्न सकेको ठानी राजा राजेन्द्र आफै पनि मख्ख पर्दछन्। आनन्द धेरै दिन टिक्दैन। कान्छी रानी माथवरथापालाई अधिकार सम्पन्न भएको बनाउन आतुर हुन्छिन्। माथवर शक्तिशाली भएमा आफ्नो छोरो राजा हुनेमा रानीको खेल हुन्छ। तर राजा राजेन्द्र नानी महाराधिराजको वैध अधिकार समाप्त पार्न चाहँदैनन्। उनले माथवरलाई सर्व शक्तिमान बनाउन चाहँदैनन्। आनाकानी गरिहन्छन्। युवराजले आफू चाडै राजा हुने कुरामा रोइलो गर्न छाड्दैनन्। कान्छी रानीले आँटे गरेको गर्न नपाउँदा असन्तुष्ट भइरहन्छिन्। बाबु छोरा र कान्छी रानी बिच निरन्तर दगा चलिरहन्छ। तीन जना बिच सन्तुलन मिलाउन माथवर सिंहले धर्म पत्र गराउँछन्। त्यसपछि मुख्तियारी पाउँछन्। शासनको बागडोर समाल्छन्। फेरी अंग्रेजकै अनुकरण गरेर १९०० साल पौषमा मिनिष्ट एण्ड कमान्डर इन चिफ बन्दछन्।

कान्छी रानीले सुरेन्द्रलाई पागल घोषणा गरेर आफ्नो छोरालाई राजा बनाउन माथवरलाई दवाब दिन्छिन्। राजा राजेन्द्रले त्यसो गर्न चाहँदैनन्। माहिला साहेब ज्यू उपेन्द्र विक्रम शाहले यदि दाज्यू राजेन्द्रलाई पद च्यूत गरिन्छ भने राज गद्दी आफूले पाउनु पर्ने दावी गर्दछन्। दरबार चार शक्तिमा विभाजित भए पछि सारा भारदार र कर्मचारी ४ खेलामा विभक्त हुन्छन्। चाकरी र चुक्ली चरम चोटमा पुग्छ। आजकल दलैपिच्छेमा कर्मचारी बिभक्त भएर देश जसरी बर्वाद भई रहेकोछ, त्यस्तै हुन्छ।

अंग्रेजसितको विरोधी भावना मत्थर हुन्छ। उनीहरूसँग मिलेर काम गर्ने तय गर्दछन्। बेलायती राम्रो भन्ने भावना (गोरा महान) बढ्दछ। राष्ट्रिय नारा र जागरणको जोश मर्दैजान्छ। त्यस्तो जाँगरमर्ने काम २०४७-२०७० बिचको शासन कालमा भएको जस्तै हुन्छ। अंग्रेज मुख्ख पर्दछन्। चार थरी आदेशको पालना गर्न गाह्रो भए पछि माथवर सिंहले वैशाखमा १९०१ मा राजीनामा दिन्छन्। राजाले राजीनामा फिर्ता गराउँछन्। राजा पद नपाए पछि सुरेन्द्र रानी लिएर १९०१ मंसिरमा काशी बास बस्न जान्छन्।

मध्यरातमा छलछामः-

'घर फुटे गवार लुटे' । यो सामान्य तथ्य हो। जब सौता सौता, दाजुभाइ, बाबु छोरा मिल्नुपर्ने हद सम्म मिल्न सक्दैनन्, बाहिरकाले अवसरको फाइदा उठाइ हाल्दछन्। त्यस्तो अवस्थामा षडयन्त्र हुन्छ। चापलुसी हुन्छ। खुरापात हुन्छ। तर राष्ट्र र जनताको उत्थान हुदैन। श्री ५ राजेन्द्रको कसैलाई अचेट्न नसक्ने सरल साधु स्वभाव, युवराज सुरेन्द्रको उजण्ड केटौली पन र कान्छी महारानीको मनमौजी छाडा पनले दरवार भाडिन्छ। ठीक त्यही हालत साठीको दशकको चारदलको भागवण्डा सरकारले गर्ने गर्दछ।

वि.सं १८९९ कार्तिक महिनाको कुरा हो। राजा राजेन्द्रका जेठान वाक प्रभु शाह, पं रङ्गनाथ र चौ. युक्समी शाहले अंग्रेजसँग मिलेर देश तिन जनाले वाडीचुडी खान लागेका छन् भन्ने गोप्य पत्र एक जना मधेश मूलुका व्यक्तिबाट राजा काँहा पुऱ्याउन नारायणहिटी पुग्छन्। चिठी लेख्ने पक्ष राजाकाँहा पुग्छ। चिठी मधेशबाट नआएर काठमाडौंबाटै लेखिएको ठहर्दछ। छानविन हुन्छ। कामदार खाँ ललतिवमका छोरा कालु पाण्डे, कुलराज पाण्डे, करवीर, अम्बिर, तारानाथ, श्रीनाथ, मानवीर, रूद्रनाथ, देउसत्पि, नैनानन्द कोइराला र पाण्डेका चाकडिदार पक्रिन्छन्। रणजङ्गाई उनकै घरमा थुनिन्छ। (मृत्यु १९८-१९०) यो पाण्डेहरूलाई फसाउने जाल हुन्छ। काइते चिठी लेख्ने मोहदसिंह ठहरिन्छ। उनका हात काटिन्छन्। पर्दा पछाडी कान्छी रानीको चाल रहेको बुझिन्छ। अन्त्यमा छलछाम षडयन्त्र फासफूस हुन्छ।

मध्यरातमा पाण्डे पर्व

राज्यलक्ष्मी सर्वशक्तिमान हुन्छिन्। माथवरसिंह उनका दाहिने हात हुन्छन्। त्यसपछि वि.सं १८९४ को विष मुद्दाको बारेमा पुनर्विचार गर्न मन्त्री परिषदको बैठक बोलाइन्छ। ठूलो वहस चल्छ। सभाले विष मुद्दामा तत्काल पेश गरिएका कागजातलाई कीर्ते ठहऱ्याउँदछ। भिमसेन थापा मरेको ३ वर्ष पछि उनीमाथि लागेको विष मुद्दाको अभियोग गल्तीवस भएको ठर्वछ। माफी दिने प्रकृया सुरू हुन्छ। उनी र उनका वंशजलाई जात पतित गरेर पानी नचल्ने सजाए पाएकोमा पनि सफाई पाउँछन्। जफत भएको सम्पूर्ण चल अचल सम्पत्ति फिर्ता गरिन्छ।

वंशज प्रतिषेधः- अर्काितर पाण्डे वंशज र उनका पक्षधर सबै परिवार जनलाई पक्राउ गरिन्छ। पक्राउ पर्ने पाण्डेहरूमा २ वर्ष देखि ६२ वर्ष सम्मका ३९ जना लोग्ने मानिस हुन्छन्। उनीहरू सबैले कडा सजाय पाउँदछन्। सजाय पाएका मध्ये मुख्य मुख्य पाण्डेहरू लाई समातेर भाचा खुसीमा लगिन्छ। त्यहाँ उनीहरूलाई बोका काटे सरह काटिन्छ। काटिनेहरूमा करवीर, रणदल, कुलराज, इन्द्रवीर, रणवम, दलवहादुर, देवीबहादुर र गुरूलाल अधिकारी मुख्य हुन्छन्। रणजङ्ग सिकिस्त बिरामी भएको अवस्थामा मै घिसारेर शहर घुमाइन्छ। अनि मारिएका उनका वंशज र नातागोताको लासको थुप्रो देखाइन्छ। उनको त्यहीँ मृत्यु हुन्छ। पाण्डे पक्षमा लागेको आरोपमा इन्द्रवीर थापा र रामवम थापा पनि पाण्डेहरू सँगै काटिन्छ। भीमसेन थापाको मुद्दा पैरवी भइरहेको अभियोगमा डि. कनकसिंह महत पनि काटिन्छन्। बोधराज कार्कीको नाक र ओठ काटिन्छ। गोपिनाथलाई चारपाटा मुडेर निकालिन्छ। दलबहादुरलाई गालामा डामेर तीन हजार दण्ड गरिन्छ। यिनीहरूका दरसन्तानले दरबारमा प्रवेश नपाउने हुन्छ। आँखा फोरिएका कुलचन्द्र शाहका सन्तानले पनि दरवार पस्न नपाउने निर्णय हुन्छ। मरीसकेका काशीनाथलाई मृत्युदण्ड र उनका छोरा हरिभक्त र शिवभक्तलाई सर्वश्व हरण गरिन्छ। उनका साखा सन्तानले दरवार पस्न नपाउने बनाइन्छ। मृत्यु भइसकेका रङ्गनाथ अर्जेल, विद्या कान्तकी आमा र केटी जगत नैनालाई मृत्यु दण्ड दिइन्छ। तिनका सबै सन्तानको सर्वश्वहरण गरिन्छ। कवि कसलकेशरी अर्जेलका चारभाईलाई दण्ड दिइन्छ। दण्ड पाउनेमा नवल सिंह वोगटी, सुजना सिंह, गजराज कार्की, विद्याकान्त र काशिराम रेग्मी, भवानी सिहं र कुम्भेदान हमाल, अमृत सिध्दी बांडा, सुजन र अमर शाही, पुटु पण्डित, सिद्दवीर ज्यापु, गजकेशर खत्री, स. वीरमर्दन भण्डारी, रिपुमर्दन वाड्नेशहरू हुन्छन्। सबै खाले दण्ड पाउनेहरूका स्त्रीहरू, वृद्धवृद्धाहरू र बालबालिकाको अमानवीय कान्त विजोग हुन्छ। आजको बाह्र वर्षे साधक, राजनीतिपीडा बोकेका, आतङ्ककारी युद्ध घटनाबाट विस्थापित, अपहरीतका भुक्तभोगी परिवारले त्यस अवस्थालाई सहजै बुझ्न सक्दछन्।

अघिल्लो वर्ष दूत वनाएर बेजिङ पठाइएका जगदम पाण्डेका परिवारको कान्त विजोगको खवर पाए पछि उनी सारै बिमनिन्छन्। चीनका बादशाहले दिएको उपहार दरवारमा पठाउँदछन् तर आफू भेष वदलेर वेतिया पुगेर शरणार्थी जीवन विताउँदछन्। दरबारको यस्तो अवस्थाले विगतवर्षको उद्देश्यको ठीक उल्टो हुन्छ। बुमेऱ्याङ हुन्छ।

विदेशीको दास पना

बुढा गुरूज्यूको निगाहमा भीमसेन थापाले सफाइ पाउँदछन्। उनी बोर्लाङ्को विर्ता बगैचामा गएर बस्दछन्। तर पनि अंग्रेजसँग मिलेर फेरी सत्ता समात्ने दाउ भने छाडेका हुदैनन्। नेपालले आउँदो जाहेरीमा अंग्रेज प्रति आक्रमण गर्दैछ भन्ने गोप्य रहस्यको जानाकारी रेजिडेन्ट हड्सनलाई दिन्छन्। भाइ रणवीर सिंह थापा जोगी हुन्छन्। भतिजा माथवर सिंह अंग्रेजको भत्ता मासिक १०००। खाएर मुसलानमै बस्दछन्। भीमसेनका गतिविधि विदेशीसंगको साँठगाँठ बढे पछि जेठी महारानीको अनुमति लिएर उनलाई बोर्लाङ्कोटबाट ल्याएर वागदरवारमा थुन्छिन्। पुरानो विष मुद्दा विउँताउँछिन्।

जेठी रानीले राजालाई घुक्र्याउन जोगीनी भएर काशी बस्नका लागि प्रस्थान गर्दछिन्। उनलाई रोक्न, राजा पछिपछि लाग्दछन्। कुरावुझेका विदेशीले दुवैलाई सीमा प्रवेश दिइदैन। दुवै जना राजधानी फर्कन्छन्। सौता कलह चर्किन्छ। कान्छी रानीले रेजिडेन्ट हड्सनसँग मिलेर आफ्नो छोरा राजा बनाउने दाउपेचमा लाग्दछिन्। ४० वर्ष उमेर पुगेपछि छोरालाई राजपाठ दिएर आफू जोगी हुनुपर्ने पशुपति धर्मपत्रको प्रसङ्ग कोट्याइन्छ। आफ्नो दक्षता केही नभएका राजा राजेन्द्र दुइ ज्वाईको पोइ कुनावसी रोइ भएका हुन्छन्। जेठीरानी फेरी काशीवास बस्न हिड्छिन्। राजा फेरी लुरूलुरू पछि लाग्दछन्। हेटौडा पुगे पछि रानीलाई औलो ज्वरो आउँदछ। त्यही ज्वराले असोज २० गते १८९८ मा उनको देहावसन हुन्छ।

त्यसको केही समयपछि फेरी अर्को छलछाम सुरू हुन्छ। अंग्रेजले दिएको ठूलो रकम मासिक भत्ता खाएर परदेशमा बसेका माथवर सिंह थापाले अंग्रेजको सहयोग लिएर आफ्नो बदला लिने नियत राख्दछन्। उनले ४ वटा पल्टन लिएर नेपालमा लडाई गर्न आउँदछन्। लडाई पनि पाल्पा, चिसापानी र सिन्धुली गरी चारैतिर बाट घेरेर गर्दछन् भन्ने एउटा पत्र पाल्पाका हाकिम रणदल पाण्डेलाई बुझाइन्छ। चिठी कृष्णका निकटका गोपीलाल बाजेले ल्याउँदछन्। लडाई गर्नुको मुख्य ध्येय जेठी महारानीलाई बनारस पठाउने र कान्छी महारानीका साहेबयादालाई सिहासनमा बसाउने भन्ने हुन्छ। तर रामनगरबाट आफ्ना फौज फिर्ता ल्याएको, भारतका कुनै राज्यसँग सम्पर्क नगर्ने वरू अफगानिस्थान ठाउँमा लडाई गर्न मद्दत दिने सर्त भइसकेको अवस्थामा अंग्रेजले मद्दत गर्दछ भन्ने राजेन्द्र विक्रमलाई विश्वास हुदैनन्।

# व्यवस्था नै परिवर्तन गर्ने कि सत्ता मात्र ?



सुरेशकुमार पाण्डे

भदौ २३ र २४ को जेनजी आन्दोलन र आन्दोलनपछिको विध्वंश सत्तामा व्यक्ति परिवर्तनका लागि मात्र थियो त ? व्यक्ति फेरिए, व्यवहार फेरिएन। उस्तै शासन, परिवर्तन केही पनि भएको देखिन्न।

के ओलीले भने भैं यतिठूलो विध्वंस प्रधानमन्त्री हटाउनलाई मात्र भएको हो ? वा बधाई बिद्धमान व्यवस्था परिवर्तन गर्नका लागि थियो ? अहिलेको अवस्थाले त्यसमा चल्दै आएको व्यवहारमा खासै परिवर्तन हुने बिजन देखिदैन। हुन त जति प्रयास गरेपनि तुरून्तै भनेको जस्तो परिवर्तन आउन सक्दैन। त्यसका लागि समय पनि लाग्छ। तर आमूल परिवर्तन गर्ने कम्तिमा बाटो त छोप्पौं।

यद्यपि आफूले आफ्नो पिठ्यूँको मयल नदेख्ने तर अरूको अनुहार सधैं कालो देख्ने व्यवहार अँभैपनि सुध्रिने भएन। किन की रोग निको गराउनका लागि कम्तिमा रोग चिनेपछि त्यसको औषधी पनि चिन्नैपर्छ। अब रोग लाग्यो भन्दै कराउँदै गरेर त्यो रोग निको हुनुको सट्टा अरू बढेर जान्छ। बरू त्यसको अचुक औषधी उपचार पत्ता लगाएमा बल्ल त्यो अतिरोग निको हुनेछ।

सबैले देशमा भ्रष्टाचार छ देशमा सुसाशन चाहिन्छ भन्दै त्यही दलदलमा पौडि खेल्नेगरिन्छ। अनि कसरी त्यो निको हुनसक्छ ? कम्तिमा जसले भन्छ उसले त व्यवहारमा उतार्नुपर्छ।

देशमा सुसाशन ल्याउन र भ्रष्टाचार मुक्तगर्न त देशको आमूलपरिवर्तननै गर्नुपर्छ। यसको बारेमा राणहरूको साशनकालदेखि जानेका बुझेका आमूलपरिवर्तन् गर्ने भनेर राजनैतिक पार्टी गठन गरेका हुरू हाम्रै माझमा छन्। आआफ्नो स्वार्थमा त्यो बाटो छोड्दै धनको लुटमारमा व्यस्त, पदको दुरपयोग गरेर ऐयासि गर्ने देश विदेशमा घुम्नेहरू अहिले भन्छन् कसरी सुसाशन आउँछ ? हिंजो बन्दुक बोकेर लेफ्राइटको ताल ठोकेर नौलो जनवादी क्रान्तिको बिढा उठाएका क्रान्तिकारी भनौदाहरू भन्छन् देशमा सुव्यवस्था कसरी आउँछ ? कसरी देश भ्रष्टाचार मुक्त हुन्छ ? यद्यपि उनिहरूले नै सरकारमा आलो पालो गरि सत्ताको स्वाद लिएका थिए। उनिहरू अहिले कसरी देशमा सुशासन आउँछ भन्छन् ।तिमिहरूलाई थाहा छैन भने किन सत्ताको लागि लुछाचुँडी गर्यो ? यसको बारेमा कसैले कुनैबेला आत्मालोचना गर्यो त ? कसैले आफूबाट भएको गलतीलाई स्वीकार गर्यो की पक्कै पनि गरेनन्।

आआफ्नो स्वार्थ पुरागर्न जनतालाई रनभुल्लमा पारेर सकेजतीको समय नष्ट गरे। पद प्रतिष्ठाको दुरपयोग गरे अनि देशलाई नाङ्गेझार पार्दैछन् अँभै पनि आफ्नो गलती लुकाउन अँभै गलतीका चाङ्ग लगाउँदैछन्। अनि भन्छ हामी भ्रष्टाचार अनत्य इर्छौं। मानिसको नसानसामा भ्रष्टाचार छताछुल्लै छ। तलबाट माथिसम्म सबै यस्मा मुछिएका छन्। जनताबाट मत लिने वा उनिहरूबाट चन्दा लिने, भ्याट लिने बदलामा उनीहरूलाई यातना दिने, रोजगार बिहिन विदेशमा भौतारिनका लागि बातावरण तैयार पार्ने काम दुर्गतिपूर्ण कार्य हुँदै आएको छ।

कसैबाट लुकेको छैन भ्रष्टाचारको जननि पुँजिवादी साशन व्यवस्था नै हो। एउटा कर्मचारीको तलबले आजको महंगीमा खान लगाउन ठिक्क हुन्छ ।

त्यो पनि सरकारी जागिर छ भने र कर्मचारीको कुनै नराम्रो लत छैन सानो परिवार छ भने उनिहरूको तलबमा गुजारा चल्छ। अब उसले देखेको सपना जागिरबाट प्राप्त हुने तलबमा पुरा हुने छैन। यसो भनौं आमदानी आठआना खर्च एक रूपियाँ यस्तो अवस्थामा कर्मचारीलाई त्यो खर्च पुरा गर्न नियमित भ्रष्टाचार नगरि हुँदैन। कि त कर्मचारीको तलब अलि धेरै हुनुपर्छ नत्र उसले चोर्न छाड्दैन्।

भ्रष्टाचार भनेको ठूलो तस्कर गर्नुमात्र होइन सानु कर चोर वा ससाना कमिसनका खेलाहरूमा पनि भ्रष्टाचार हुन्छ त्यो आधार तैयार पारेको छ स्वयम सरकारले उनिहरूले अप्नाएको व्यवस्थाले। जिमिनको कारोबार, दलाली ,ठेक्काप्रथा यो सबैमा कमिसनका खेला हुन्छन् र कारोबार गर्नेहरू सँग आएको रकमको कुनै हिसाब किताब छैन।

जस्तै उधारणका लागि सरकारी मूल्य दुइ लाख कट्टा छ भने त्यो बीश लाखमा बिक्री भएको छ। उसले दुइ लाखको राज्यस्व तिरेर अठार लाखको राजस्व खायो। अर्थात कारोबार भयो बीश लाखको देखाइयो दुइ लाख। यस्तै प्रकारले जमिनमा ठूलो भ्रष्टाचार भएको छ। यहाँ न लिने बोल्छ, न दिने बोल्छ। यदि खरिदारले बीश लाख मूल्य राख्छ भने सरकारले बीश लाखको बिक्री कर्तासँग पनि कर तिराउँछ। यस्तो अवस्थामा दुवै पक्षको सहमतिमा मूल्य थोरै राख्छन्। त्यसरी दुबै पक्षको कर जोगियो र सरकारलाई राज्यस्व घाटा लाग्यो। इमान यसरी मरेको छ।

अब छिट्टै काम गराउनु परेको छ तर कर्मचारीहरूले त्यसलाई यो मिलेन ऊ मिलेन भनेर आलटाल गर्दै काम लट्काईदिन्छन्। त्यसलाई छिटो गराउन कर्मचारी हाकिम आदिलाई दस्तुरको व्यवस्था गरियो, चियापानीको व्यवस्था गरियो त्यसपछि बल्ल त्यहाँबाट उम्किन सकिन्छ। हाम्रो समाजमा एउटा कुखुराको चल्ला किन्दा पनि दलालले कमिसन खान्छ। भनौं भ्रष्टाचार कहाँ छैन ?

युवाहरूलाई रोजगार छैन उनिहरूले जीवन यापन कसरी गर्ने के यसबारे सरकार दोषि छैन ? यदि युवाहरूलाई नोकरी पाइन्छ भने उनिहरू काम गरेर खानेछन् अनि केही मात्रामा भ्रष्टाचारमा अङ्कुश लाग्नसक्छ। यसको बारेम सरकार पक्षको नीयत सही छैन। किन की देशमा रोजगारको श्रोतहरू छन् जसलाई कार्यन्वयन गरिँदैन। हाम्रो देशका पुराना पुस्ताहरू सबैलाई थाहा छ भ्रष्टाचारको अन्त्य कसरी हुन्छ, उनिहरूले त्यसलाई व्यवहारिकता दिन चाहादैनन्। किनभने उनिहरू मध्य धेरै त्यो भ्रष्टाचारमा लिप्त भएका छन्। त्यसकारणले पनि टालमटोल गर्दै नारा विकासका तर देशलाई विदेशको मण्डि बनाउन तल्लिन हुन्छन्।

अचेल डा. बाबुराम भट्टराई भन्छन्। हाम्रो युवा उमेर मोटो 'श' (मशाल) कि पातलो 'स' (मसाल) राम्रो भन्ने अन्तहीन विवादमा युजेको थियो। गुरूहरू अभै नेतृत्वमै हुनुहुन्छ ! लाखौं वेरोजगार सर्वहारा, श्रमिक विदेशिने र श्रम-निर्यात तथा वस्तु-आयातको परनिर्भरताको दुष्चक्र चाहिं तोडिने भन्दा कस्सिने क्रम यथावत् छ ! वास्तवमा केही कम्युनिष्ट नेताहरू जसले देशमा नयाँ जनवादी व्यवस्था हुनुपर्छ भन्ने मान्यता राखेका थिए स्वायम उनिहरू पनि डाक्टर साहेबले भने जस्तै यो बाद र ऊ बाद, यो बिचार र उ बिचारमा लामू समय खेरा मात्र फालेनन्। उनिहरू आपसमा टुक्रिएर एउटा पार्टीबाट दर्जनौं पार्टीमा परिणित भए। उनीहरूको गन्तव्य बादविबादमा हरायो। उनिहरू अल्लमल्ल परे र गन्तव्य बिहिन बने। एउटा कम्युनिष्ट पार्टी जसले देशमा कृषि क्रान्तिको बिडा उठाएको थियो उसले सबै भुलेर पद प्रतिष्ठामा अमूल्य समय खेरा फाल्यो। यसरी समय खेर फाल्नेहरूमा समाजवादी, अन्य परिवर्तनवादीहरू पनि छन्। हरेक बादीहरू स्वार्थका पुतला बनेका छन् र स्वार्थमा लिप्त छन्। राजनीतिक वर्ग गन्तव्यहीन छन्।

कतिपय वामपन्थीहरू अहिले उनिहरूले देशमा कम्युनिष्ट व्यवस्था लागु हुनसक्दैन भनेर आफ्नो राजनैतिक पार्टीलाई कम्युनिष्ट बादबाट मुक्त गरेको बताएका छन्। अयौंले कम्युनिष्टको आधारभूत सिद्धान्तलाई संशोधन गर्दै आएका छन्। तर कैयौंले अहिलेपनि कम्युनिष्ट पार्टीको रक्षाका लागि सङ्घर्ष गर्दै आएका छन्। त्यो वर्गले इमानदारीताका साथ राष्ट्रियता र जनजीविकाका लागि नयाँ जनवादी व्यवस्था अर्थात कृषिक्रान्तिमा अहिलेपनि जोडदिँदै आएको छ।

यसले के प्ष्ट पार्छ भने देशमा आमूलपरिवर्तन् नगरिनहुने अवस्था छ। सबैमा यस्तो भ्रम सिर्जना भएको छ की हामिले चाहेर पनि केही हुनसक्दैन्। विश्वमा कम्युनिष्ट सिधान्त फेल भयो। तर उनिहरूले यो भन्न लजाएका हुन्छन् कि कम्युनिष्टबाट सैधान्तिक रूपमा हामी फेल भयौं। देशको लागि कम्युनिष्ट विचार अहिले भन आवश्यकता देखिन्छ। अहिले जेन्जीले उठाएका मुद्दाहरू कम्युनिष्टहरूले सुरूदेखि उठाउदैका छन्। तर व्यवहारमा उनीहरू चुकेका छन्। अन्य पुँजीवादीहरू चुके चुके, कम्युनिष्टहरू नैतिकहीन भएर चुक्नु दुर्भाग्य हो।

समाज बदल्नेहरू आफै बदलिए, देशक र दुनियाँको अवस्था बदल्न सकेनन्, योभन्दा ठूलो असफलता के हुन्छ ?

त्यस्तो हुनु भनेको उनीहरू जसले सरकारको लगामसम्म पुगे र जनतालाई आफू कम्युनिष्ट भएको बताए। तर उनिहरू कम्युनिष्ट बनेका थिएनन् वा सत्ताको स्वार्थमा परेर बिचारबाट पतन भएका थिए। जसले जनताद्वारा अपेक्षा गरिए अनुसारको व्यवहार हुनसकिन र जनता आक्रोशित हुन पुगे। तर उनिहरूको जायज आक्रोशबाट उत्पन्न आन्दोलनलाई क्रान्तिकारी कम्युनिष्ट पाटीले नेतृत्व गर्न चुक्यो। त्यसो हुनुको पछाडि क्रान्तिकारी शक्तिको आत्मगत अवस्था दयनीय रहेको छर्लङ्गै हुन्छ।

अहिले जेनेरेसन जीको नत्वत्वमा उठेको आन्दोलनले सही दिशा पाउन सकेन। उनिहरूको आन्दोलनबाट धेरै अवसरबादीहरूले आ आफ्नो स्वार्थमा ढाल्ने भरपूर कोसिश न गरेका होइनन्। उनिहरूले फैलाएको अराजक गतिबिधीबाट साम्राज्यवादी शक्ति अगाडी आएपछि उनीहरूको मनसाय पुरा हुन सकिन र देशमा आर्को वैअलिपिक व्यवस्था सञ्चालनमा आयो जसले गैयर राजनैतिक अन्तरिम सरकारको गठन गर्यो। यद्यपि यो असंवैधानिक र गयर कानुनी व्यवस्था हो तरपनि जनताको आन्दोलनको कदर गर्दै सबैले समर्थन गरेर देशमा शान्ति बहाल गर्नु पर्दथ्यो। त्यही रूपमा राजनैतिक पार्टीहरूले दिगो सहमती जनाएका हुन सक्छन्।

यस्तो अवस्थामा समयमै निर्वाचन गराएर देशलाई निकास दिनको विकल्प छैन। स्थिति हेर्दा देखिन्छ, निर्वाचनबाट पनि यिनै बदनामहरू आउने छन्।

अहिले गणतन्त्रको रक्षाका लागि शान्ति र सुव्यवस्थाका लागि सबैले सहमति जनाएका छन्। तर आमूल परिवर्तनको कल्पना यही व्यवस्थाबाट गर्न सकिदैन। राष्ट्रियता र राष्ट्रिय एकता तथा अग्रगमनका लागि सबै देशभक्तहरूको एकता जरूरी छ।

सत्यतथ्य र ताजा समाचारका लागि
www.sandhyakalin.com पढौं र
लेख, रचना, समाचार र बिज्ञापन पठाएर
सहयोग गरौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ मंसिर २, Nov. 18, 2025





अन्तिम पातो - शाश्वत शर्मा

## सदाका लागि अस्थिरतालाई चिरौं

सुशीला सरकारले केही काम गरेजस्तो गरेर पूर्व प्रहरी महानिरीक्षकलाई सीमाहद तोकेको छ । बदनाम कांग्रेसी नेता दीपक खड्काले ओगटेर बसेको लैनचौरको स्काउट भवनक्षेत्रलाई केही हदसम्म खाली गराएको छ । नेपाल ट्रष्टका भ्रष्टाचारीहरूलाई कानुनी दायरमा ल्याउने कार्यको सुरूआत गरेको छ । अघिल्लो सरकारका प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकसँग बयान लिनका लागि जोरजाम गरिरहेको खबर छ । त्यो बाहेक अन्य भ्रष्टाचारका मामिलामा कारवाही थाल्न जेनजी आन्दोलनका अगुवा सुदन गुरूङहरूले दबाब दिइरहेकै छन् । आशा गरौं, भ्रष्टाचारका अनगिन्ति फाइलहरू खुल्नेछन् । यो बाहेक सुशीला सरकारले ागामी मंसिर ७ गतेबाट आन्दोलन थाल्ने उद्घोष गरेका अभियन्ता दुर्गा प्रसाईहरूसँग वार्ता पनि गरेको छ । अब यो कुरा बेग्लै होकि प्रसाईहरूको माग मात्र सुनियो, पूरा हुन सकेन । तापनि शान्ति कायम रहिरहोस्, थप आन्दोलन नहोस् भन्नाका खातिर सुशीला सरकारले सुरूआत गरेको यो वार्ता प्रकृया स्वागतयोग्य छ । हुनसक्छ, आगामी दिनहरूमा वार्ताको सिलसिलाले गर्दा कुनै पनि किसिमको आन्दोलनको आवश्यकता नै नपरोस् । तर पनि केहीलाई वर्तमान सरकारको आलोचना नगरी भएकै छैन । यो सरकारले फागुन २१ गते चुनाव हुन्छ, अपराधीहरूलाई खोजबिन भइरहेको छ, सबैले चुनावमा भाग लिऔं भनेर भनिरहे पनि राजनीतिक दलहरू विश्वास गरिरहेका छैनन् । एमाले प्रतिनिधिसभा पुनर्स्थापना गर्न गराउन आन्दोलन चर्काउने मनस्थितिमा छ । राजनीति गर्नेहरू न त सत्ता, न विपक्ष कतै नपरिने, चुनावमा हार हुने भनेर भयभित छन् । जेनजी आन्दोलनका कारण जनताको मूड नयाँ नेतृत्व र दलतिर जाने पक्का लागेर होला, तिनमा चुनावको भयले सताइरहेको देखिन्छ । हिजो अन्तरिम संविधान अन्तर्गत बहालवाला प्रधानन्यायाधीश खिलरजा रेग्मीलाई प्रधानमन्त्री स्वीकार्नेर नीजले गराएको संविधानसभाको चुनाव स्वीकार्नेहरू आज भूपू भइसकेकी र समय परिस्थितिले प्रधानमन्त्री बन्न बाध्य पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई संविधान तेर्स्याउँदै असंवैधानिक सरकार करार गरेर नीले गराएको चुनावमा भाग नलिने उद्घोष गरिरहेका छन् । यो सब चुनावमा बढारिने डरका कारणले हो ।


हो, सत्य हो । यो अन्तरिम सरकारले स्थायित्व र शान्ति कायम गराउन सक्दैन । यही संविधान कायम राखेर यो मुलुक स्थिरता र स्थायित्वमा जान सक्दैन पनि । जबसम्म राजसंस्था सहितको संविधान निर्माण हुँदैन तवसम्म चुनावले मात्र केही हुनेवाला छैन । द्वन्द्व झन झन चर्कंदै जाने देखिन्छ । कांग्रेसी नेता गोपालमान श्रेष्ठले यही सत्य उजागर गरेका थिए । कांग्रेस कुहिराको काग बनेर अन्योलमै छ । सुशीला कार्की सरकार एकोहोरो रूपमा चुनाव गराउनै सक्दिनन् भनेर धारे हात लाएर आरोप लगाइरहनुभन्दा राजसंस्थासहितको संविधान निर्माण गरेर चुनाव गराउन सके राजा अभिभावक हुने, शासन राजनीतिक दलहरूले गर्ने र कानुन व्यवस्था कायम हुनसक्छ । सत्ताबाट खस्कनु परेको पीडा ओलीलाई, ओलीको आक्रोश प्रचण्डलाई, सत्ताको आशा देउवालाई पिरिरहनु देशका लागि दुभाग्यजनक छ । २ महिनामै भदौ २३ र २४ को जेनजी आन्दोलन र बिद्रोहको आगो बिर्सनु राजनीतिक दलहरूको कमजोरी हो । यस्तो आक्रोशपूर्ण आन्दोलन फेरि फेरि पनि हुनसक्छ भन्ने हेक्का राख्नु उचित हुनेछ । नेतृत्वतहले गल्ती गरेका छन्, त्यो पनि अक्षम्य । त्यसको सजाय भोग्न तैयार हुनुपर्छ, पश्चाताप गर्नुपर्छ नेतृत्वले । भ्रष्टाचार, अनियमितता, राजनीतिक अपराध, सेटिङमा राज्यशक्तिको दुरूपयोग गरेकै हो । यो अपराधबाट मुक्ति पाउने र देशको अस्तित्व रक्षा गर्ने हो भने प्रत्येक दल र दलपतिहरूले अभिभावकको खोजी गर्नु उचित हुनेछ । आफू बदनाम भएपछि आउने पुस्ताका लागि सग्लो देशको नेतृत्व सुम्पनु जरूरी छ ।

निश्चित छ, अर्को संविधान नबनेसम्म यस्ताखाले चुनावले कुनै नतिजा दिन सक्दैन । चाहिएको शान्ति र स्थिरता हो, यसैबाट सुशासन आउने हो । उही भ्रष्टहरू चुनावमा जाने र उनै भ्रष्टहरूले चुनाव जित्ने हो भने तात्वीक अन्तर के भयो ? फागुन २१ वा केही पछि चुनाव होस् तर चुनावभन्दा पहिले संविधान परिवर्तन गर्नैपर्छ । राष्ट्रमा घटेका अनेक भ्रष्टाचारका काण्डहरू चुनाव हुने भए नखोल्ने र नहुने भए खोल्छु भनेर धम्क्याउने यो सरकारको चरित्र आलोच्य छ । भ्रष्टाचार भनेको भ्रष्टाचार नै हो, रोग हो । यो रोगको अन्त नभएसम्म सुशासन आउँदैन । भदौ २३ र २४ को आन्दोलन र बिध्वंश भ्रष्टाचारको विरूद्ध भएको हो । सुशासनको मागमा भएको हो । भ्रष्टाचारीलाई बचाएर हुने चुनाव भनेको अर्को अपराध हुनेछ, यसकारण गल्तीमाथि गल्ती नगर्नु नै बुद्धिमानी हुने छ ।

राष्ट्रघाती, जनघातीमाथि कारवाही नै गर्न नसक्ने भए यो सरकारको के औचित्य रह्यो र ? जेनजी आन्दोलनलाई असफल पार्नका लागि पुराना दल र नेताहरू अनेक षडयन्त्र गरिरहेका छन् । त्यही षडयन्त्रको पात्र बन्ने हो भने यो सुशीला सरकार राष्ट्रमाथि अर्को भार हुनेछ । राष्ट्रको भार बन्ने कि जनताको भार बोक्ने ? सुशीला सरकारले सोच्नुपर्छ । त्यसै पनि जीवनको उत्तरार्द्धमा देशलाई भ्रष्टाचार र अपराधको सरापबाट मुक्ति दिने अवसर सुशीला कार्कीलाई प्राप्त छ । उनले गरेका र गर्ने कुनै जनअपेक्षाअनुसारको निर्णयमा जनताको अपार समर्थन हुनेछ । जनताले चाहेको काम गर्ने हो भने यो सरकारको जयजयकार हुनेछ । यो कुरा प्रम सुशीला कार्कीलाई राम्ररी थाहा छ । तथापि भयमुक्त हुनसकेको देखिन्न ।

आम नेपालीले राजसंस्था सहितको प्रजातन्त्र खोजेका छन् । आन्दोलनपूर्व मेची महाकाली सर्वत्र राजाको अभिनन्दन भएकै हो । आन्दोलनमा पनि राजतन्त्रबारे नारा लागेको थियो । जब ज्यान जाने खतरा देखे, दलपतिहरूले राजतन्त्रको विकल्पबारे छलफल गरेकै हुन् । छलफल गर्नसक्ने, सर्वदलीय बैठकबाट सर्वसम्मत रूपमा राजतन्त्रलाई स्थापित गरौं भन्न नसक्नेहरू आफै बादशाही चलाउने षडयन्त्रमा पुनः टाउका उठाउन थालेका छन् । यो देशघातक र गम्भीर विषय हो । जेनजी पुस्ताले प्राप्त गरेको बिजयको हकदार जेनजी पुस्ता नै हो । यही पुस्ताले आन्दोलन, बिध्वंश गर्न सक्छ भने निर्माण पनि गर्नसक्छ । देशैभरि जेनजीपुस्ता सकृय छन् । उनीहरू सुशासनको स्थापना र भ्रष्टाचारबाट मुक्ति खोजिरहेका छन् । यो खोज देशभक्तिपूर्ण भएकाले हरेक नेपालीले जेनजी पुस्तालाइृ सहयोग गर्नुपर्छ । मुख्य सवाल राजनीतिक दलहरूले पनि जेनजी पुस्तामा विश्वास गर्नु उनीहरूको सुनिश्चतता हो ।

# पछिल्लो पुस्ताकी शक्तिशाली लेखिका खगिन्द्र खुसी






नेपाली गीत, गजल, कविता, कथा र उपन्यासजस्ता विविध विधामा निरन्तर कलम चलाइरहेकी साहित्यकार खगिन्द्रा खुसी पछिल्लो पुस्ताकी शक्तिसाली लेखिका हुन् । मोफसलमा बसेर पनि केन्द्रलाई चुनौती दिइरहेकी साहित्यकार खुसीको 'आमाको डायरी' कथा संग्रह र 'खुशीको गाउँ' उपन्यास प्रकाशित छन् । हालै प्रकाशित उपन्यास 'खुशीको गाउँ' अहिले चर्चामा छ । तीनै साहित्यकार खगिन्द्रा खुसीसँग गोरखा एक्सप्रेस राष्ट्रिय साप्ताहिकसँग गरिएको छोटो कुराकानी:

खुसी जी ! स्वागत छ ।

*तपाईले लेखेको उपन्यास 'खुशीको गाउँ' कस्तो उपन्यास हो ?*

यो उपन्यासको कथाबस्तु शरणार्थी शिविर र नेपाली वस्ती बीचको सम्बन्धमा आधारित छ। यसरी हेर्दा यो उपन्यासले एउटा मिश्रीत अस्तित्व बोकेको छ भन्ने लाग्छ । आफू लेखक हुनुको नाताले 'खुशीको गाउँ' कस्तो उपन्यास हो भन्ने म सँग असाध्यै सरल जवाफ छ । वास्तवमा मेरालागि यो 'प्रेममा आधारित मनोसामाजिक यथार्थबादी' उपन्यास हो । तर पुस्तक बजारमा आए पछि जून खालका समालोचनाहरू भएका छन् यसले मलाई नै झस्काएको छ । किन भने यो कस्तो उपन्यास हो भन्ने बारे जून खालका समालोचनाहरू आएका छन् त्यसले मलाई सोच्न बाध्य पारेको छ र म असाध्यै उत्साहित पनि भएकी छु । खुशीको गाउँ उपन्यासको समाज शास्त्रीय र मानव शास्त्रीय कोणबाट पनि समीक्षा भएको छ । आलोचक र समालोचकहरूले गरिबको अर्थशास्त्र र प्रेमको सौन्दर्य चिन्तनको वहस पनि उठाएका छन् । दर्शनमा आधारित फरक-फरक सामाजिक अन्तरघुलनको सामाजिक बनोट र शरणार्थी संघर्षको अन्तर्राष्ट्रिय आयामबारे पनि उपन्यासले समीक्षा पाएको छ । प्रेम बारे कति हो कति वहस भएको छ त्यो त कुरै नगरौं । यसरी हेर्दा यो उपन्यासमा केही विशेष लेखिएको छ भन्ने त स्पष्ट भएको छ तर ठ्याक्कै कस्तो उपन्यास हो ? भन्ने कुराको जवाफ पाठक र समीक्षकहरूले दिएको नै मिठो र सुन्दर ठानेर रमाएकी छु । उपन्यासले केन्द्रीय वहस पाएको छ म थप केही लेख्न कम्मर कसेकी छु ।

*तपाईं कथाकार पनि हो तपाईको दृष्टिमा कथा र उपन्यासमा के फरक छ ?*

पहिलो कुरा त उपन्यास र कथामा आकार मै फरक परिहाल्छ तर त्यो भन्दा विशिष्ट कुरा कथा र उपन्यासको प्लट नै भिन्नै हुन्छ। कथामा जीवनको मनोविज्ञान मात्र आउँछ । मनोविज्ञानको 'फ्लास ' लाई नै जीवन बुझ्ने भ्रम हुन्छ कथामा तर उपन्यास सम्पूर्ण जीवनको वातावरणीय परिधिलाई नै लिएर अगाडि बढेको हुन्छ । उपन्यासमा कथा हुन्छ तर कथामा उपन्यास हुँदैन । किन भने उपन्यासमा स्थानीय चित्रण तथा वातावरण भित्रको विभिन्नतालाई देखाउन सकिन्छ । तर कथामा सकिन्न ।

*कुनै पनि लेखक वा कविले लेख्दा जीवनप्रति आफ्नै साहित्यिक दृष्टिकोण हुने कुरा हो कि हैन ?*

यो चाहिँ मेरालागि सरल जस्तो लाग्ने तर असाध्यै अफठ्यारो प्रश्न हो । खासमा यो प्रश्नको जवाफ समालोचकहरूबाट खोजियो भने राम्रो हुन्छ होला जस्तो लाग्छ । तर आजसम्म समालोचकहरूले साहित्यको मापदण्ड के हो ? भन्ने कुरा ठोस रूपमा सृजना गर्न सकेका छैनन् तर यस प्रश्नमा पनि म भाग्न चाहन्न म कविता पनि लेख्ने मान्छे भएको हुनाले मेरो विचारमा लेखक वा कविले लेख्दा जीवन प्रति आफ्नै साहित्यिक दृष्टिकोण हुन्छ भन्ने दाबी छ । यसबारे समालोचकहरूले धेरै मेहनत गर्नु पर्छ जस्तो लाग्छ ।

*लेख्नु शौख, अम्बल वा पेशा के हो ? आफ्नो घर गृहस्थी, साहित्य र पेशाको तालमेल कसरी मिलाउनु भएको छ ?*

साहित्य मेरा लागि एक प्रकारको नशा हो । पहिले पहिले साहित्य केवल मनका भाव पोख्ने माध्यम मात्र हो जस्तो लाग्थ्यो तर जब म निरन्तर लेख्दै गएँ त्यसपछि मलाई मेरा आफन्त र साथीहरूले जून हौसला दिनु भयो पत्याउनु हुन्न होला तर म त्यो हौसलाले आज पूर्णकालीन लेखक भएकी छु । साहित्य लेख्नु आज मेरो पेशा पनि हो भन्ने अनुभूति भएको छ । साथीभाइले व्यवसायिक लेखक बन्न हौसला दिएका छन् ।

*साहित्य लेखेर जीवनलाई सधैं सक्रिय राख्न सकिन्छ र ?*

यो साह्रै महत्वपूर्ण प्रश्न हो । मलाई के लाग्छ भने जीवन कुनै क्षेत्रमा सधैं सक्रिय भइरहन सक्छ भने त्यो केवल साहित्य र साधनामा मात्र संभव छ । समयको चालसँग बाँच्न कसैले सक्छ यदि भने त्यो स्रष्टा र योगीले मात्र सक्छ भन्ने मलाई लाग्छ । म भित्र भएको साहित्य लेखनको हुटहुटीले मलाई निस्क्रिय हुन दिँदैन ।

*तपाई त गीत पनि गाउनु हुन्छ हैन् ?*

हाहाहा..... गीत गाउँछु, रेकर्ड पनि गरेकी छु ।

गीत गाउने मात्र होइन नाच्छु पनि ।

*गीत संगीतबारेमा के भन्नु हुन्छ ?*

मेरो विचारमा नेपाली गीत सङ्गीतमा अहिले दुई रूप देखिएको छ । एउटा लोकलयको आधारमा विकसित भएको र अर्को विदेशी प्रभावमा परेको । आश्चर्य के छ भने विदेशी प्रभावका गीत संगीतप्रति आजका युवा पुस्ताको आकर्षण छ । व्यवसायिकता पनि यो प्रभावमै फस्टाएको देख्छु । यो राम्रो होइन । किनभने हामीले हाम्रो उत्पादनको बजार गर्न नसक्दाको परिणाम यो स्थिति आएको छ । मेरो भनाइ के छ भने हामीले हाम्रो मौलिक गीत संगीतको पनि व्यवसायिक करण र अंतर्राष्ट्रीयकरण गर्नुपर्छ । यो गर्ने अहिलेको परिवेश सुनौलो मौका हुन सक्छ ।

**चिसो मौसममा सुरक्षित रहौं**

● चिसो मौसममा :

- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो तथा पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका र बृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिँडडुल (मर्निङ वाक) नगरौं,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,

सावधानी अपनाऔं, स्वस्थ रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

